अमेरिकी कर धम्कीबीच मोदीको कर कटौतीको वाचा | पृष्ठ ६ मा




जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक ९७ • २०८२ साल भाद्र ९ गते सोमबार (25 August, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्री फेर्न प्रधानमन्त्रीलाई पत्राचार



**टुडे समाचारदाता**

काठमाण्डु । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) ले सरकारमा सहभागी मन्त्री फेर्न प्रधानमन्त्री केपी शर्मा ओलीलाई पाँचौ पटक पत्राचार गरेको छ । जसपाले गत वैशाखदेखि नै मन्त्री फेरबदल गर्नका लागि पाँचौं पटक पत्राचार गरेको छ । शनिबार बसेको पार्टीको बैठकमा पुनः मन्त्री फेरबदलको विषय उठेपछि फेरि पत्राचार गरिएको जसपाले जनाएको छ ।

जसपाबाट खानेपानी मन्त्री प्रदीप यादव र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडी रहेका छन् ।

जसपाका एक नेताले दिएको जानकारी अनुसार खानेपानी मन्त्री यादवको ठाउँमा सांसद वीरेन्द्र महतो र सुडीका ठाउँमा सांसद रञ्जु झालाई मन्त्री बनाउने निर्णय भएको पत्र गत वैशाखदेखि हालसम्म पाँच पटक पठाइसकिएको छ ।

पाँच पटकसम्म पत्र पठाउँदा पनि अब अध्यक्ष अशोक राईले अब नभन्ने प्रतिक्रिया दिए । अध्यक्ष राईले भने, 'अब पाँच पटकसम्म पत्र पठाइसकेको छु । अब पत्र पठाउँदिन भनेर गुनासो समेत व्यक्त गर्नुभयो ।'

जसपाका उपाध्यक्ष परशुराम बस्नेतले दुई मन्त्रीलाई फिर्ता बोलाउने निर्णय गरिएको बताए । अहिले सोही निर्णय कार्यान्वयन गर्ने निर्णय गरिएको उनले स्पष्ट पारे ।

### सुटकेशमा फेला पऱ्यो रुबीको शव
# 'घटना रहस्यमय छ, हामी पत्ता लगाउँदैछौँ'

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नागरपालिका-९ स्थित गौर-सिरसिया सडक खण्डमा सुटकेसभित्र मृत अवस्थामा फेला परेकी एकजना महिलाको सनाखत भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी राजु कार्कीका अनुसार मुठवलबा गेटतर्फ मृत भेटिएकी महिलाको शव गौर नगरपालिका-२ मा बस्दै आएकी करिब २६ वर्षीय रुबी देवी साह सुडीको रहेको छ ।

माधवनारायण नगरपालिका-६ माइती भएकी रुबीको भारतमा विवाह भए पनि उनी ४ वर्षीय छोरा पढाउन गौर नगरपालिका-२ स्थित महादेवपट्टिमा डेरामा बस्दै आएकी थिइन् ।

सुटकेशमा कुइनो र घुँडा जोडेर प्याक गरेको अवस्थामा शव फेला परेको थियो ।

रौतहट प्रहरीकाका प्रवक्ता एवं प्रहरी उपरीक्षक (डीएसपी) राजु कार्कीले घटनाको सूक्ष्म अनुसन्धान भइरहेको बताए ।

नाकबाट रगत बगे पनि उनको शरीरमा कुनै चोटपटक नदेखिएको डीएसपी कार्कीले बताए । मृतकका परिवार प्रहरीको सम्पर्कमा आएका छन् । उनका श्रीमान् शिवसागर साह भारत बिहारको मुजफ्फरपुरबाट रौतहट आएको डीएसपी कार्कीले बताए । उनले आफू र रुबीबीच कुनै पनि घरायसी लगायत अन्य समस्या नरहेको प्रहरीलाई जानकारी दिएका छन् ।

उनले भने, 'अहिलेसम्म मृतकको पहिचान खुलाउने काम भयो, उनी चार वर्षीय छोरा पढाउन छुट्टै डेरा लिएर बसेको देखियो, रुबीका श्रीमान पनि हाम्रो सम्पर्कमा आइसकेका छन् । त्यस्तो पारिवारिक समस्या केही नभएको उनका श्रीमानले हामीलाई बताएका छन् ।'



रुबी दुई दिनदेखि बेपत्ता भएपछि आमाले प्रहरीमा खोजीका लागि निवेदन दिएकी थिइन् ।

शनिबार साँझ बजार जान भनेर डेराबाट निस्केकी रुबीको शव राति सुटकेसभित्र फेला परेको थियो । साँझ करिब ६ बजेतिर आमा मिथिलादेवी साहलाई रुबीले अन्तिम पटक फोन गरेकी थिइन् ।

त्यसपछि रुबी फर्किइनन् । छोरी नफर्किएपछि आफू रातभर नसुतेको आमा मिथिलाले बताइन् । रुबीको मोबाइल घटनास्थलमा फेला परेको छैन । राति बाटोमा बेवारिसे सुटकेस देखेपछि प्रहरीले खबर गरेका थिए । तर शंकास्पद देखेपछि प्रहरीले सुटकेस खोलेनन् । आइतबार बिहान नेपाली सेनाको डिस्पोजल टोलीले उक्त सुटकेस खोल्दा रुबीको शव भेटिएको थियो ।

श्रीमान् शिवसागरले प्रहरीलाई जनाएअनुसार रुबी आइतबार नै मुजफ्फरपुर आउने कुरा थियो । साहसित अहिले पनि सोधपुछ भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी राजु कार्कीले बताए । उनले भने, 'हामी अनुसन्धानमा लागेका छौँ । श्रीमान्सँग सोधपुछ गर्दैछौँ, घटना रहस्यमय छ । हामी पत्ता लगाउँछौँ ।'

सुटकेसभित्र रुबीको शव खुम्च्याएर राखिएको अवस्थामा भेटिएपछि प्रहरी आश्चर्यमा परेको छ । प्रहरीले बिहानदेखि वरपरको सीसी क्यामेरा फुटेज र मोबाइल लोकेसनको आधारमा अनुसन्धान अघि बढाएको जनाएको छ । सडक छेउमा ठूलो निलो रङको सुटकेसलाई बाहिरबाट डोरीले बाँधिएको अवस्थामा फेला परेको थियो । रातिको समयमा शंकास्पद सुटकेस भएकाले सुरक्षा मात्रै दिएर राखेको डीएसपी कार्कीले बताए ।

प्रहरीका अनुसार सुटकेसभित्र रुबीको खुट्टा दोबारेर राखिएको थियो । शरीरका कुनै भागमा पनि चोटपटक लागेको छैन । नाकमा थोरै रगत बगेजस्तो अवस्थामा हातखुट्टा खुम्च्याएर प्याक गरिएको अवस्थामा शव भेटिएको थियो ।

भारतको मुजफ्फरपुर जिल्लाको रुक्साटोलका साहसित रुबीको ५ वर्षअघि विवाह भएको थियो । डीएसपी कार्कीका अनुसार उनी पछिल्लो समय गौर स्थित माधवपट्टीमा डेरा गरेर बस्दै आएकी थिइन् । गौर बजारबाट उनको डेरा करिब एक किलोमिटर टाढा पर्छ । रुबी, आमा र ४ वर्षीय छोरासँगै डेरामा बस्थिन् । छोराको पढाइले गर्दा गौरमा डेरा लिएर बसेको माइती पक्षको भनाइ छ ।

रुबीको शव भेटिएको ठाउँबाट डेराको दूरी करिब ५ किलोमिटर रहेको छ । नेपाल-भारत सीमा भएकाले भारत लगेर हत्या गरी नेपालमा शव फालिएको हुनसक्ने आशंका रौतहट प्रहरीले गरेको छ ।

प्रहरीले कपडासहितको रुबीको शव भेटिए पनि उनले प्रयोग गर्ने मोबाइल भने फेला परेको छैन । हत्यापछि मोबाइल लगेको वा कतै नष्ट गरेको हुनसक्ने अनुमान गरिएको छ ।

यता सुटकेस कसको घरमा थियो भन्नेबारे पनि प्रहरीले सूक्ष्म ढंगले अनुसन्धान अघि बढाएको भन्दै मधेश प्रदेका डीआईजी उमाप्रसाद चर्तुवेदीले अनुसन्धानलाई उच्च प्राथमिकता दिँदै विभिन्न कोणबाट अनुसन्धान भइरहेको बताए ।






# नेपाल-भारत मैत्री बसबाट दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। नेपाल-भारत मैत्री बसबाट लागूऔषध गाँजासहित दुई भारतीय नागरिकलाई आइतबार वीरगञ्जबाट सशस्त्र प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत महाराष्ट्र मुम्बई बस्ने ४२ वर्षीय अनवर सलाउदिन खान र ४१ वर्षीय मोहम्मद इकवाल सयूयद रहेका छन्।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका-१६ बाट नेपालबाट भारततर्फ जाँदै गरेको बा ५ ख १२३७ नम्बरको नेपाल-भारत मैत्री यात्रुवाहक



बसमा जाँच गर्ने क्रममा उनीहरुको साथमा रहेको झोलाबाट ६ किलो ४ सय ग्राम गाँजा बरामद भएको छ।

दुवैलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय विर्तामा बुझाइएको सशस्त्र प्रहरी पर्साका सूचना अधिकारी डीएसपी सुरज कार्कीले जनाएका छन्।

# अदालतको विरुद्ध जनप्रदर्शन

**टुडे समाचारदाता**

रौतहट। १९ वर्षअघि रौतहट सदरमुकाम गौरमा भएको हत्याकाण्डको अनुसन्धानका लागि सर्वोच्च अदालतले आदेश दिएपछि त्यसको विरोधमा आइतबार गौरमा सर्वपक्षीय र सर्वदलीय जनप्रदर्शन गरिएको छ।

सर्वदलीय-सर्वपक्षीय संयुक्त संघर्ष समितिको अगुवाइमा आयोजित जुलुस रामजानकी धर्मशालाबाट शुरु भई मधेसी क्रान्ति चौक नजिक घण्टाघर पुगेपछि कोणसभामा परिणत भएको थियो। हजारौंको संख्यामा सहभागी भएका प्रदर्शनकारीहरूले भूमि अध्यादेश खारेज, गौर हत्याकाण्डका मुख्य योजनाकार प्रभु साहमाथि कारबाही, राजनैतिक प्रतिशोधको मुद्दा खारेज, लाल आयोग तथा मानवअधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्ने लगायतका नाराहरू लगाएका थिए।

कोणसभामा बक्ताहरूले गौर घटनालाई राजनीतिक र प्रतिशोधको मुद्दा भएको दाबी गर्दै तत्काल मुद्दा खारेज गर्न माग गरे। २०६३ चैत ७ गतेको गौर घटनामा २७ जनाले ज्यान गुमाएका थिए भने दर्जनौं घाइते भएका थिए। त्यस घटनाका मुख्य योजनाकार तत्कालीन माओवादी नेता, हाल आम जनता पार्टीका राष्ट्रिय अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साह रहेको





आरोप लगाएको छ।

जनप्रदर्शनका क्रममा नेताहरूले अदालतमार्फत सरकारले मधेशी जनविद्रोहलाई कमजोर पार्ने प्रयास गरेको आरोप लगाए। लोसपा नेता अनिल सिंहले मधेशी जनताको अधिकार र पहिचानको लागि भएको संघर्षलाई कानुनी जटिलतामा फसाएर नेताहरूमाथि दबाब सिर्जना गर्ने प्रयास भइरहेको बताए।

सर्वोच्च अदालतको आदेशपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवसहित मधेशवादी दलका नेताहरू मुछिने सम्भावना देखिएको छ। जसपा नेपाल र अन्य मधेसवादी दल आक्रोशित बनेका छन्।

# ईरिक्साको ठक्करबाट बालकको मृत्यु, एकजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज। सप्तरीमा ईसिटी रिक्साको ठक्करबाट पाँच वर्षीय बालकको मृत्यु भएको प्रहरीले जनाएको छ। सप्तरीको बोदेबर्साइन नगरपालिका-७ स्थित भित्री सडक खण्डमा देउरीबाट बोदेबर्साइनतर्फ आउँदै गरेको अन टेस्ट ईरिक्साले ठक्कर दिँदा बालकको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा बालक भारतको बिहार मधुवनी ग्राम पञ्चायत निन्दरपुर निवासी राजकुमार सदाका पाँच वर्षीय छोरा आरजे सदा रहेका छन्।


बाटो क्रस गर्ने क्रममा ठक्कर दिँदा शनिबार बालक गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज लगिएको थियो। उपचारकै क्रममा उनको मृत्यु भएको सप्तरी प्रहरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

बालकलाई ठक्कर दिने रिक्सा र चालक बोदेबर्साइन १० श्रीपुरका १७ वर्षीय राकेश कुमार मण्डल पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# लागूऔषधसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको बर्दिवास वडा नम्बर ३ स्थित गौरीडाँडास्थित बी.पी. राजमार्गमा अवैध लागूऔषध



खैरो हिरोइनसहित प्रहरीले एक युवालाई नियन्त्रणमा लिएको जनाइएको छ।

विशेष सूचनाको आधारमा बर्दिबासस्थित लागूऔषध नियन्त्रण ब्युरो तथा इलाका प्रहरी कार्यालय बर्दिवासको संयुक्त कमाण्डमा खटिएको सुरक्षा गस्तीले आइतबार सिरहाबाट काठमाण्डुतर्फ जाँदै गरेको प्रदेश ०१-००६ ख ७३०३ नम्बरको यात्रुबहाक ह्यास गाडी जाँच गर्ने क्रममा लागूऔषध बरामद भएको छ।

इलाका प्रहरी बर्दीबासका डिएसपी विकाश बमका अनुसार ह्यासको अन्तिम सिटमा सवार सिरहा नगरपालिका-७ का ३७ वर्षीय बालकृष्णकुमार मुखियालाई शंका लागि चेकजाँच गर्दा निजको साथमा रहेको कालो झोलाभित्र कालो प्लास्टिकमा राखिएको खैरो हिरोइन जस्तो देखिने अर्धठोस पदार्थ फेला परेको थियो।

बरामद खैरो हिरोइन प्लास्टिक बाहेक शुद्ध तौल ४६ ग्राम ६१० मिलिग्राम रहेको डिएसपी बमले बताए। लागूऔषध बजारमा उक्त परिमाण करिब चार लाख मूल्य बराबर रहेको जनाइएको छ।

महोत्तरी प्रहरीले मुखियालाई नियन्त्रणमा लिइ लागूऔषधसम्बन्धी थप अनुसन्धान शुरु गरेको जनाएको छ।

यसबीच लागूऔषध नियन्त्रण ब्युरो बर्दीबासले ४६ लाख ४३ हजार मूल्य बराबरको ५४९.८५ ग्राम खैरो हिरोइनसहित दुई थान आकस्मिक सेवाका एम्बुलेन्स, चार थान मोटरसाइकल र ओसारपसारमा संलग्न ३९ जनालाई नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिएकामध्ये दुई जना महिला र दुई जना विदेशी रहेको महोत्तरी प्रहरीले जनाएको छ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा विशेष सुविधा घोषणा

काठमाण्डु। राष्ट्रिय वाणिज्य बैंकले आफ्ना सेवाग्राहीका लागि कर्जामा विशेष सुविधा घोषणा गरेको छ। सो बैंकले आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै घर तथा सवारी कर्जामा विशेष सुविधा घोषणा गरेको हो।

कर्जा सुविधाअन्तर्गत अधिकतम रु पाँच करोडसम्मको सीमा रहेको घर कर्जा अब ६.३० प्रतिशत ब्याजदरमा लिन सकिने बैंकले जनाएको छ। उक्त घर कर्जाका लागि प्रशोधन शुल्क ०.२५ प्रतिशत तोकिएको छ भने कर्जाको अवधि २० वर्षको हुनेछ।

त्यसैगरी सवारी कर्जातर्फ विद्युतीय गाडी खरिदका लागि ६.१० प्रतिशत ब्याजदर र इन्धन गाडी खरिदका लागि ६.८० प्रतिशत ब्याजदरमा अधिकतम रु एक करोडसम्म कर्जा सुविधा लिन सकिने बैंकले जनाएको छ। दुवै किसिमका सवारी कर्जाको प्रशोधन शुल्क ०.५० प्रतिशत तोकिएको छ भने कर्जाको अवधि सात वर्षको हुने प्रेस विज्ञप्तिमा उल्लेख छ।

राष्ट्रिय वाणिज्य बैंकले चाडपर्वका अवसर पारेर सो सुविधा घोषणा गरेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिनुभयो। देशका सबै जिल्लामा रहेका तीन सय १० शाखा कार्यालयमार्फत राष्ट्रिय वाणिज्य बैंकले सेवाग्राहीलाई सेवा प्रवाह गर्दै आएको छ। बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको जनाएको छ।रासस

# पुँजीपतिको व्यापारिक प्रवृत्तिले तीजलाई विकृत बनाएको छः उपाध्यक्ष भुसाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की उपाध्यक्ष पम्फा भुसालले तीज पर्वलाई पुँजीपतिको व्यापारिक प्रवृत्तिले विकृत बनाएको बताउनुभएको छ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रीय छात्रा विभागले आइतबार यहाँ आयोजना गरेको 'तीज जनसंस्कृति र प्रगतिशील' विषयक अन्तरक्रिया कार्यक्रममा उपाध्यक्ष भुसालले नाफा कमाउन बजारमा लामो समयसम्म व्यापार गर्ने, तडकभडकलाई प्रोत्साहन दिने र मौलिक संस्कृतिलाई मेट्ने कार्य बढिरहेको बताउनुभयो। यस्तो प्रवृत्तिलाई रोक्न जरुरी रहेको उहाँको भनाइ थियो।





उपाध्यक्ष भुसालले समाजमा महिलालाई अझै दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने सोच कायम रहेको उल्लेख गर्दै तीजलाई महिला उत्पीडनसँग जोडिएको पर्वका रूपमा पनि बुझ्नुपर्ने धारणा राख्नुभयो। उहाँले तीजलाई भड्किलो र खर्चिलो नबनाई मौलिक लोकगीतको संरक्षण, महिला अधिकारप्रतिको सचेतना र महिलालाई सङ्गठित गर्ने अवसरका रूपमा मनाउनुपर्नेमा जोड दिनुभयो।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष विजयप्रसाद सापकोटाले तीजलाई सांस्कृतिक, सामाजिक र मूल्यमान्यतालाई अगाडि बढाउने प्रगतिशील माध्यमका रूपमा लिनुपर्ने बताउनुभयो। कार्यक्रममा छात्रा विभागकी अध्यक्ष ममता अधिकारीले तीजलाई सामाजिक मूल्य-मान्यतालाई आत्मसात् गर्दै मनाउनुपर्ने र विभाग आगामी दिनमा पनि महिला उत्थानका लागि सक्रिय रहने विश्वास व्यक्त गर्नुभयो।रासस

# यसवर्षको गौरा पर्व भदौ १५ गते

काठमाण्डु। यस वर्षको गौरा पर्व यही भदौ १५ गते मनाइने भएको छ। अठोला पञ्चाङ्गका पञ्चाङ्कार जोतिष डिल्लीराज जोशीद्वारा हस्ताक्षरित आइतबार प्रकाशित विज्ञप्तिमा भदौ १२ देखि सुरु भई १५ गते मुख्य दिनका रुपमा मनाइने जनाइएको हो।

विज्ञप्तिमा भनिएको छ, "गौरा पर्व पर्वतराज हिमालय पुत्री पार्वतीको कठोर तपस्याले सफलता प्राप्त गरेको सुखद उपलक्ष्यमा वैदिककालदेखि मनाइँदै आएको हाम्रो मौलिक सांस्कृतिक पर्व हो, गौरा पर्वमा व्रतालु नारीहरुको प्रमुख भूमिका रहेको हुन्छ।"



विज्ञप्तिमा उल्लेख भएअनुसार भदौ १२ गते भाद्र शुक्लपक्ष पञ्चमी तिथि बिहान ७:१० बजेसम्म सिंहलग्न र अपराह्न ३:५४ बजेसम्म पञ्चमीतिथि रहेको छ तथा यसैदिन बिरुडा (पञ्च अनाज) भिजाउने बिरुडा पञ्चमी पनि रहेको छ।

यस्तै भदौ १३ गते बिरुडा धुने षष्ठीतिथि साँझ ५:५४ बजेसम्म रहेको छ। यसैदिनमा बिरुडा धुने र नोला(पानीको धारामा) गोरा पुजिने गरिन्छ। भदौ १४ गते गौरा सप्तमी र अमुक्ताभरण सप्तमी साँझ ७:५७ बजेसम्म रहेको छ। यसैदिन गौरा भित्र्याउने, गौरा र दुबधागो पुजन रहेको छ। भदौ १५ गते दुर्वाष्टमी व्रत, गौरा पर्वको मुख्य दिन अठ्वाली अनुराधा नक्षत्र अपराह्न ३:५६ बजेसम्म रहेको जनाइएको छ।

अठोला पञ्चाङ्गका अनुसार नयाँ सृष्टि, माया-प्रेमाकर्षण, शान्ति, धैर्यता, पारिवारिक मिलन, सामाजिक-सद्भाव, हर्ष र बन्धुत्वको सन्देश बोकेको यो पर्वमा मनस्विनी, शिवशक्ति माँ गौरीको तपलाई अनुसरण गरी महिला पवित्र रही, चार दिनसम्म निराहार व्रत बसी, गौरी- महेश्वरको प्रतिमा बनाई मङ्गलामुखी बाणी (सगुना) र बिरुडाको प्रसादले इच्छित फल प्राप्तिका लागि गौरी-महेश्वरको ध्यानमग्न भई पूजा-आराधना गर्ने गर्दछन्।

महिलाले यस वर्ष दुबधागो उत्तराभिमुख भई लगाउँदा शुभ रहेको छ। आफ्नो अनुकूलता र चलनअनुसार गोराः सेलाइने (समापन) छ। यसवर्ष गौरा पर्व भाद्र शुक्ल पक्षमा परेको हुँदा नौली गोरिया (नवविवाहिता नारी)ले उज्याली गोराः मा दुबधागो लाउन पाउने हुँदा गौरा पर्व थप उल्लासमय हुनेछ।

विज्ञप्तिमा भनिएको छ, "हाम्रा पञ्चतन्मात्राङ्गमा माँ गौरीको कृपादृष्टि बनिरहोस् भन्ने कामना गर्दै, अमूल्य निधि र वैभवका रुपमा रहेका हाम्रा धार्मिक र सांस्कृतिक पर्व हरितालिका तीज, गणेश चतुर्थी, ऋषिपञ्चमी र गौरापर्वको सुखद उपलक्ष्यमा व्रतालु महिला दिदीबहिनी, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाइको सुस्वास्थ, सुख, शान्ति र समृद्धिको हृदयतः मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।"रासस

# तीजले सांस्कृतिक पहिचानलाई जोड्दै लगेको छः ऊर्जामन्त्री खड्का

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले हरितालिका, तीजले नेपाली समाजको सांस्कृतिक पहिचानलाई जोड्दै लगेको बताउनुभएको छ।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ पशुपति क्याम्पस एकाइ समितिले आइतबार हरितालिका पर्वका अवसरमा आयोजना गरेको 'सांस्कृतिक तथा दर खाने कार्यक्रम'मा उहाँले नेपाली समाजको मौलिकता र सांस्कृतिक अस्तित्व जोगाउने जिम्मेवारी सबैको काँधमा रहेको बताउनुभएको हो।

उहाँले तीजलाई केबल महिलाको पर्व नभई समाजलाई अनुशासित, मर्यादित र आस्थासँग जोड्ने माध्यमका रूपमा लिनुपर्ने बताउनुभयो। "कुनै धातु तरल अवस्थामा रहँदा जसरी पाइएको फ्रेमअनुसार आकार लिन्छ, विद्यार्थी पनि आजको दिनमा आफैँलाई जसरी तयार गर्छन्, त्यसरी नै भविष्य निर्माण हुन्छ, त्यसैले धर्म, संस्कृति र समाजको रक्षा गर्दै योग्य नागरिक बन्नु तपाईहरुको जिम्मेवारी हो, तीज सबैले मिलेर मनाउने साझा पर्वका रूपमा स्थापित हुँदै गएको छ", उहाँले भन्नुभयो।

कार्यक्रममा योगमाया आयुर्वेद विश्वविद्यालयका उपकुलपति डा रमेश ढुङ्गेलले तीजजस्ता सांस्कृतिक पर्वहरूले नेपाललाई विश्वमञ्चमा चिनाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। "हाम्रा पर्वहरूले राष्ट्रिय पहिचानलाई निरन्तरता दिनेमात्र होइन, विविधतामूलक संस्कृतिलाई अन्तरराष्ट्रियस्तरमा उजागर गर्ने अवसर पनि प्रदान गर्छन्", उहाँले भन्नुभयो।

पशुपति क्याम्पसका क्याम्पस प्रमुख विनोद पन्तले विद्यार्थीलाई सांस्कृतिक चेतना, अनुशासन र ज्ञानसँगै अगाडि बढ्न आग्रह गर्नुभयो। नेविसङ्घ एकाइ समितिका अध्यक्ष सरोज लिम्बूले तीज सबै जातजाति र भाषा-भाषीबीच साझा पर्वका रूपमा विस्तार हुँदै गएको बताउनुभयो। रासस


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



| | |
|---|---|
| मेष : | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| वृष : | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |
| मिथुन : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| कर्कट : | आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ। मेहनत गर्दा अवसर भने पाइनेछ। |
| सिंह : | नयाँ व्यवसाय शुरु गर्ने मौका छ। पारिवारिक भेटघाटले प्रसन्नता मिल्नेछ। |
| कन्या : | परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ। |
| तुला : | रमाइलो यात्राको अवसर जुट्न सक्छ। |
| वृश्चिक : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| धनु : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| मकर : | पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ। |
| कुम्भः | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मीन : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी

9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चालु खाता चार खर्ब नौ अर्ब र शोधनान्तर पाँच खर्ब ९४ अर्ब बचतमा

काठमाण्डु । गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक तथा वित्तीय सूचकहरूमा उल्लेख्य सुधार देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार अर्थतन्त्रका आन्तरिक र बाह्य दुवै सूचकमा सुधार हुँदै गएको देखिएको हो ।




प्रतिवेदनअनुसार गत आवमा सरकारको चालु खाता रु चार खर्ब नौ अर्ब २० करोडले बचतमा रहेको छ । आव २०८०/८१ मा चालु खाता रु दुई खर्ब २१ अर्ब ७१ करोडले बचतमा थियो ।

गत आवमा शोधनान्तर स्थिति रु पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा छ । आव २०८०/८१ मा शोधनान्तर स्थिति रु पाँच खर्ब दुई अर्ब अर्ब ४९ करोडले बचतमा थियो । गत आवमा खुद पुँजीगत ट्रान्सफर रु नौ अर्ब ८४ करोड छ भने प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) रु १२ अर्ब दुई करोड बराबर भित्रिएको राष्ट्र बैंकले जनाएको छ ।

गत आवमा आर्थिक वृद्धि चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ । जसमध्ये कृषि क्षेत्रको वृद्धि तीन दशमलव २८, उद्योग क्षेत्रको चार दशमलव ५३ र सेवा क्षेत्रको वृद्धि चार दशमलव २१ प्रतिशत रहेको अनुमान छ । गत आवको कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५ दशमलव १६, १२ दशमलव ८३ र ६२ दशमलव शून्य एक प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै, गत आवमा कूल गार्हस्थ्य बचत कूल गार्हस्थ्य उत्पादनको छ दशमलव ५५ प्रतिशत रहेको छ । कूल स्थिर पुँजी निर्माण र कूल राष्ट्रिय बचतको कूल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः २४ दशमलव शून्य सात र ३६ दशमलव २४ प्रतिशत रहेको छ ।

गत आवमा कूल विद्युत्को जडित क्षमता वृद्धि भई तीन हजार ५९१ मेगावाट पुगेको छ । जडित क्षमतामध्ये जलविद्युत् तीन हजार ३९० मेगावाट रहेको छ । त्यस्तै, कूल पर्यटक आगमन एक दशमलव सात प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८३४ जना पुगेको छ ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ दुई दशमलव ६६ प्रतिशतले अवमूल्यन भएको छ ।

### खाद्य वस्तुमा उच्च मूल्यवृद्धि

गत आर्थिक वर्ष २०८१/८२ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव शून्य छ प्रतिशत रहेको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आवको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र देखिए पनि गैरखाद्य वस्तुमा भन्दा दैनिक उपभोग्य खाद्य वस्तुमा मूल्य बढेको देखिएको हो ।

राष्ट्र बैंकका अनुसार अघिल्लो आवको तुलनामा गत आवमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको मूल्यवृद्धि १० दशमलव ७१, घ्यू तथा तेलको आठ दशमलव ७२, दाल तथा गेडागुडीको सात दशमलव ९० र खाद्य तथा खाद्यजन्य पदार्थको छ दशमलव १३ प्रतिशतले बढेको छ ।

मरमसला उपसमूहको मूल्य सूचकाङ्क दुई दशमलव ६२ प्रतिशत र माछा तथा मासुको शून्य दशमलव ३४ प्रतिशतले घटेको देखिएको छ । गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवाहरू उपसमूहको मूल्यवृद्धि नौ दशमलव ३९, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव शून्य नौ, मदिराजन्य पेय पदार्थको पाँच दशमलव ६५, फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ७८ र सुर्तीजन्य पदार्थको चार दशमलव ३७ प्रतिशत रहेको छ ।

त्यस्तै, गत आवमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव ६९ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो आवमा उक्त समूहको मुद्रास्फीति छ दशमलव ४७ प्रतिशत रहेको थियो ।

गैरखाद्य तथा सेवा समूहको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ७१ प्रतिशत रहेको छ । अघिल्लो आवमा उक्त समूहको मुद्रास्फीति चार दशमलव ६४ प्रतिशत थियो ।

गत आवमा काठमाडौँ उपत्यकाको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ७७, तराईको चार दशमलव १४, पहाडको तीन दशमलव ८६ र हिमालको चार दशमलव ८९ प्रतिशत रहेको राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको प्रतिवेदनमा जनाइएको छ ।

ग्रामीण क्षेत्रको वार्षिक औसत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ४० प्रतिशत र सहरी क्षेत्रको तीन दशमलव ९४ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा कोशीको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ४६, मधेशको चार दशमलव १४, बागमतीको तीन दशमलव ५७, गण्डकीको तीन दशमलव ३२, लुम्बिनीको तीन दशमलव ७०, कर्णालीको तीन दशमलव ३१ र सुदूरपश्चिम प्रदेशको पाँच दशमलव शून्य दुई प्रतिशत रहेको छ ।

### गत आवमा आर्थिक वृद्धिदर ४.६१ र मुद्रास्फीति ४.०६ प्रतिशत

अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर बढेको र मुद्रास्फीति घटेको देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक तथ्याङ्कमा आधारित मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार सूचकहरु सकारात्मक बन्दै गएको देखिएको हो ।

राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत रहेको अनुमान छ । अघिल्लो वर्ष आर्थिक वृद्धिदर तीन दशमलव ६७ प्रतिशत रहेको थियो । त्यस्तै, गत आवमा वार्षिक औसत मुद्रास्फीति चार दशमलव ०६ प्रतिशत रहेको छ । अघिल्लो आवमा यस्तो मुद्रास्फीति पाँच दशमलव ४४ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकका अनुसार गत आवमा शोधनान्तर स्थिति रू पाँच खर्ब ९४ अर्ब ५४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधनान्तर स्थिति रू पाँच खर्ब दुई अर्ब ४९ करोडले बचतमा रहेको थियो । त्यस्तै, आयात १३ दशमलव तीन प्रतिशतले र निर्यात ८१ दशमलव आठ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष आयात एक दशमलव दुई प्रतिशतले र निर्यात तीन प्रतिशतले घटेको थियो ।

गत आर्थिक वर्षमा कुल रू १७ खर्ब २३ अर्ब २७ करोड बराबर विप्रेषण भित्रिएको छ ।

अघिल्लो आवको तुलनामा गत आवमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा १९ दशमलव २ प्रतिशतले र अमेरिकी डलरमा १६ दशमलव ३ प्रतिशतले बढेको हो । गत असार महिनाको विप्रेषण आप्रवाह मात्रै रु एक खर्ब ८९ अर्ब ११ करोड रहेको छ ।

त्यसैगरी, २०८१ असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१ दशमलव दुई प्रतिशतले वृद्धि भई २०८२ असार मसान्त सम्मा रु २६ खर्ब ७७ अर्ब ६८ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १९ अर्ब ५० करोड बराबर हो । उक्त सञ्चितिले १५ दशमलव ४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।

अर्थतन्त्रका बाह्य सूचकहरु सुधार हुँदै जाँदा विप्रेषण आप्रवाह, विदेशी मुद्रा सञ्चिति र निर्यात हालसम्मकै उच्च अवस्थामा पुगेको छ ।

त्यसैगरी गत आवमा विस्तृत मुद्राप्रदाय १२ दशमलव ५ प्रतिशतले बढेको छ । अघिल्लो आव यस्तो मुद्राप्रदाय १२ दशमलव ९ प्रतिशतले बढेको थियो । बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १२ दशमलव ६ प्रतिशतले वृद्धि भई रू ७२ खर्ब ६४ अर्ब पुगेको छ भने निजी क्षेत्रमा प्रवाहित कर्जा आठ दशमलव चार प्रतिशतले वृद्धि भई रु ५४ खर्ब ९८ अर्ब पुगेको छ ।रासस

# रौतहटको बनबहुअरीमा मानवसेवा आश्रम सञ्चालन

चन्द्रपुर । कुशेऔंसीको अवसरमा सडक आश्रित 'बा'हरूका लागि चन्द्रपुर-७ बनबहुअरीमा मानवसेवा आश्रम सञ्चालनमा ल्याइएको छ । आश्रमको सांसद देवप्रसाद तिमल्सिना र प्रमुख जिल्ला अधिकारी विनोद खड्कालगायतले सडक आश्रित 'बा'हरूलाई आश्रममा प्रवेश गराई शनिबार सेवा शुभारम्भ गर्नुभएको थियो ।

सोअवसरमा सांसद तिमल्सिनाले आगामी दिनमा आश्रमलाई आवश्यक पर्ने बस्तुहरु सहयोग गर्ने जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खड्का, गढीमाई नगरपालिकाका उपप्रमुख स्मिता यादव, गरुडा नगरपालिका प्रमुख कन्थमणिप्रसाद कलवार, जिल्ला समन्वय समिति प्रमुख राम अयोध्या यादव, पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष सञ्जय कार्की, चन्द्रपुर नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष उदयनारायण सापकोटा, निजानन्द धामका सन्त गुरु सुरेन्द्र दाहाल, नेपाल कम्युनिष्ट पार्टी ९एमाले० नगर कमिटी अध्यक्ष शिव आचार्यलगायतले मानव सेवा आश्रमलाई सञ्चालन गर्न आवश्यक सहयोग गर्ने प्रतिवद्धता गर्नुभएको थियो ।

कार्यक्रममा उक्त आश्रम सञ्चालनका लागि रु तीन लाख ३८ हजार १२५ बराबर नगद तथा जिन्सी सहयोग प्राप्त भएको आश्रमका मधेस प्रदेश संयोजक विवेक महतोले जानकारी दिनुभयो । गरुडा नगरपालिकाका प्रमुख कलवारले रु दुई लाख ५१ हजार नगरपालिकाको तर्फबाट र पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य कृष्ण यादवले रु ५१ हजार बराबरको खाद्यान्न सामग्री सहयोग गर्ने प्रतिबद्धता गर्नुभएको आश्रमका प्रदेश संयोजक महतोले बताउनुभयो ।

यसैगरी कृष्ण प्रणामी युवा परिषद्ले रु ६० हजार बराबरको खाद्यान्न तथा लत्ताकपडा, जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरका स्ववियु सचिव साहिल पुरीले रु २० हजार, पशु चिकित्सक दुर्गाप्रसाद चिमोरियाले रु ११ हजार, प्रजापति पैडेलले रु ११ हजार १३०, विनोददास कथबनियाले रु १० हजार ५५५, अर्पणा देवकोटाले रु १० हजार सहयोग गर्नुभएको संयोजक महतोले जानकारी दिनुभयो । यस्तै, कृष्ण प्रणामी युवा परिषद् प्रारम्भिक समिति निजानन्दधाम, पत्रकार महासङ्घ रौतहट शाखाका अध्यक्ष कार्कीलगायतले सहयोग गर्नुभएको थियो ।



रौतहटका छ र अन्य जिल्लाका १४ जना गरी अहिले सो आश्रममा २० जना सडक आश्रित छन् । आश्रितलाई बास र खानाको सुविधामात्र होइन, सीप, दक्षता र क्षमता विकासमार्फत समाजमा पुनःस्थापना गर्ने लक्ष्यका साथ सेवा विस्तार गरिएको उहाँको भनाइ छ । यही भदौ ५ गतेबाट सुरु गरिएको उद्धार अभियानअन्तर्गत इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरदेखि चन्द्रपुर नगरपालिका-१, बागमती मङ्गलपुरसम्म छ जना सडक मानवको उद्धार गरी आश्रममा स्थानान्तरण गरिएको छ । आश्रमका संयोजक विवेक महतोले २०८२ सालभित्रै रौतहटलाई सडक मानवरहित बनाउने लक्ष्य लिएको जानकारी दिनुभयो ।रासस

# चुरे काछवासीलाई बर्खे भेलले सास्ती

महोत्तरी । बर्दिवास नगरपालिका क्षेत्रमात्र पर्ने चुरे क्षेत्रका बासिन्दालाई अहिले सास्ती बढेको छ । साउन अन्तिम साताको लगातारको वर्षा भदौ लागेपछि अलि थामिए पनि बाटोघाटो र खानेपानीका मुहान बर्खे भेलले बिगारेपछि काछवासी सास्तीमा परेका हुन् ।

महोत्तरीमा चुरेक्षेत्र बर्दिवासका वडा नं ३, ४, ५, १० र ११ गरी पाँच वडामा पर्दछ । यहाँको चुरे क्षेत्र करिब ३५ किलोमिटर लम्बाइको छ । मधेसको कर्णाली भनिने चुरेको छ बस्ती बर्खा लागेसँगै बाहिरी सम्बन्धबाट विच्छेद हुन्छ । "खोलैखोलाको बाटो बर्खे भेलले पूरै बिगारेको छ, ठाउँठाउँका पाखाबाटा पनि बिग्रेका छन्", बर्दिवास-११ खयरमाराको झ्याउरे भाङ्गेका ७० वर्षीय पूर्णबहादुर बम्जन भन्नुहुन्छ, "अब हिउँद नलागेसम्म यी बाटाघाटा खुल्दैनन्, यसयाममा कोही बिरामी परे डोकोमै बोकेर सात/आठ किलोमिटर दक्षिणको खयरमारा बजार पुगेपछिमात्र सवार ािसाधन पाइन्छन् ।"



चुरेक्षेत्रका यी पाँच वडामा करिब २०/२२ बस्ती छन् । धेरैजसो यी बस्ती पुग्ने बाटो चुरेका पाखा र खोलाबाट छ । हिउँदभरि बस्ती नजिकसम्म दुःखसुख गाडी गुडे पनि बर्खा लागेपछि यी बस्ती बाहिरी सम्पर्कबाट पूरै टुट्छन् ।

"बर्खेभेलले खगारेको पाखे बाटो पैदल हिँड्न पनि कठिन हुन्छ, खोला भएर हिँड्ने बाटो त झन् बाढी नै हिँड्ने भइहाल्यो", बर्दिवास-३ को काछबस्ती पर्साहीधापका सामाजिक कार्यकर्ता बुद्धबहादुर मोक्तान भन्नुहुन्छ, "हिउँद लागेर बाटो नसखारिउञ्जेल हामी यहाँका बासिन्दा अनकन्टारमै हुन्छौँ ।"

बाटोघाटो मात्र नभएर अहिले खानेपानीको सङ्कट व्यहोरिरहनु परेको काछवासीको गुनासो छ । काछबस्तीमा धेरैजसो खोला छेउका जरुवा पानी, खोल्सी र कुवामै निर्भर हुनुपरेको बर्दिबास-५ छोड्केकी मनमाया ब्लोन बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "हामीले खानेपानीको मुहान पाखाबाट झरेको लेदोले पुर्‍यो, कसैगरी दुई/तीन दिन लगाएर लेदो सफा गरिए पनि पानी सङ्कलन समय लाग्ने हुँदा धमिलो नै खानु परेको छ ।" सबैभन्दा मुस्किल त कोही बिरामी भइहाले बर्दिवास अस्पतालसम्म पुर्‍याउन कठिन पर्ने गरेको काछवासीको गुनासो छ ।

"बर्खा सकिनासाथ चाडवाडको रन्कोले छोप्छ, तर योबेला सवारीसाधन चल्दैनन्, सरसामान जुटाउन काछवासीलाई अत्यन्त अप्ठ्यारो छ", बर्दिवास-५ का वडाध्यक्ष कहारमान स्याङ्वा भन्नुहुन्छ, "बर्खाभरि बाटो सखार्ने, सम्याउने कामका लागि भित्री काछबस्तीसम्म यान्त्रिक उपकरण पु ऱ्याउन गारो छ, त्यसैले राम्रो मर्मतसम्भारका लागि हिउँद नै पर्खन परेको हो ।"

बाटोघाटो र खानेपानी मात्र नभएर बर्खेभेलले कैयन ठाउँका छड्की (तारजालीको बाँध) फुटाएर बालीनाली क्षति गरेको छ । कैयन ठाउँमा खेत कटानको जोखिम बढ्दो छ । "हामीले पर्साहीधापमा बर्खेभेलले तारजाली काट्न थालेपछि डोजर त पुर्‍यायौँ, तर चुरेक्षेत्रमा पानी परिरहँदा खहरे उर्लेर आएपछि काम गर्नसक्ने स्थिति रहेन", यसै भदौको पहिलो साताको उर्रा खोलाको बाढी सम्झदै बर्दिवास-३ का वडाध्यक्ष विराट विष्ट भन्नुहुन्छ, "ठाउँठाउँमा बस्ती नै बाढीको चपेटामा पर्ने डर बढेको छ ।"

> "बर्खाभरि बाटो सखार्ने, सम्याउने कामका लागि भित्री काछबस्तीसम्म यान्त्रिक उपकरण पु ऱ्याउन गारो छ, त्यसैले राम्रो मर्मतसम्भारका लागि हिउँद नै पर्खन परेको हो ।"

बर्खेभेलले ओल्लोपल्लो बस्तीमा आवतजावत गर्न कठिन भएको छ । बर्खेभेलले गर्दा गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण गर्न गराउन स्वास्थ्य संस्थासम्म पुग्न समस्या छ । यसैगरी सुत्केरी गराउन अस्पतालसम्म पुर्‍याउन काछवासीलाई बाटोले अप्ठ्यारो पारेको बर्दिवास-४ माइस्थानका सामाजिक कार्यकर्ता सोमबहादुर कार्कीको भनाइ छ ।

महोत्तरीमा रातु, भब्सी, जङ्गा, गणन्ता, ढुङ्गे, टुटेश्वर, खयरमारा, मडहा र बाँके मुख्य नदी हुन् । यी नदीमा मिसिने खहरे, खोल्सीको सत्‍या ३०० को हाराहारी पुग्छन् । एउटा रातुमा मात्रै १०८ वटा खहरेखोल्सी मिसिएका छन्। बर्खामा सबैजसो खहरेखोल्सीमा उर्लने बाढीले भित्री बस्तीका बाटाघाटा भत्काउने पीडा यहाँ बर्सेनिको हो ।

पाखो बाटो सखारेर राम्रो नबनुञ्जेल आफूहरुको सास्ती रहिरहने काछवासीको भनाइ छ । "चुरेकाछका बस्ती पुग्ने बाटो धेरैजसो खोला भएर छन्, त्यसैले बढी समस्या भएको छ, अब पाखोबाटो बनाउन सरकारले पहलकदमी लिइदेओस्", बर्दिवास-१० खयरमाराका सामाजिक अगुवा दुर्गामान लामा भन्नुहुन्छ, "यति नहउञ्जेल काछवासी मान्छेजसरी बस्न नपाउने भए ।"

अब यसपाली बर्खा सकिनासाथ स्थानीय तह, प्रदेश एवं सङ्घीय सरकारबीच समन्वय भएर बाटोघाटो, खानेपानी र स्वास्थ्य संस्थाका लागि दीर्घकालीन उपाय अवलम्बन गरिनपर्ने यी बस्तीका बासिन्दाको माग छ ।रासस

# नेपाल चेम्बर अफ कमर्सद्वारा उपराष्ट्रपति सुआनसँग छलफल

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सले समाजवादी गणतन्त्र भियतनामका उपराष्ट्रपति भो थी आन सुआनसँग नेपाल र भियतनामबीच व्यापार, लगानी तथा निजी क्षेत्रका सहकार्यका विषयमा छलफल गरेको छ ।

भियतनामका अनररी कन्सुलर एवं नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ, चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल, निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, वरिष्ठ उपाध्यक्ष दीपककुमार मल्होत्रा, महिला चेम्बर अध्यक्ष उर्मिला श्रेष्ठसहितका पदाधिकारीले उपराष्ट्रपति सुआनसँग आज भेट गरी सो विषयमा छलफल गर्नुभएको हो । बैठकमा दुवै देशबीचको व्यापारिक पहुँच विस्तार, लगानीमैत्री वातावरण निर्माण, उद्योग-व्यवसाय प्रवर्द्धन तथा आपसी सहकार्यका सम्भावनाबारे छलफल भएको कमर्सले जनाएको छ । नेपाल र भियतनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएका अवसरमा भएको उक्त भेटलाई चेम्बरले व्यापार, लगानी र आर्थिक साझेदारीको नयाँ अध्याय सुरु गर्ने सम्भावनाका रुपमा हेरेको जनाएको छ । उपराष्ट्रपति सुआनले नेपाल चेम्बर अफ कमर्स र भियतनामबीच द्विपक्षीय व्यापार विस्तार तथा लगानी प्रवाहलाई सहज बनाउन दुवै देशका निजी क्षेत्रबीच घनिष्ट समन्वय आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । साथै उहाँले नेपाल र भियतनामबीचको आर्थिक सम्बन्धलाई अझ प्रगाढ बनाउन दुवै देशका निजी क्षेत्रको सक्रियता अपरिहार्य हुनेमा जोड दिनुभयो ।



चेम्बर अफ कमर्सले नेपाल-भियतनामबीच कृषि, पर्यटन, ऊर्जा, शिक्षा र सूचना प्रविधि जस्ता क्षेत्रमा सहयोग तथा साझेदारीको सम्भावना रहेको भन्दै व्यावहारिक कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिएको छ ।रासस

# तीजको तयारीः पशुपतिनाथमा बाहिर चार, भित्र आठ लाइन


काठमाण्डु । पशुपति क्षेत्र विकास कोषले हरितालिका (तीज) का व्रतालु महिलाका लागि पशुपतिनाथ मन्दिर बाहिरी क्षेत्रमा चार लाइन तथा भित्री क्षेत्रमा आठ लाइनमा बस्ने गरी व्यवस्था मिलाउने भएको छ ।

पशुपति क्षेत्रमा तीजको तयारीका बारेमा जानकारी दिन कोषले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीले चर्को घाममा लामो समय लाइनमा बस्न असहज हुने भएकाले एकदेखि डेढ घण्टाभित्र दर्शन गरेर फर्की सक्नेगरी व्यवस्था मिलाइएको जानकारी दिनुभयो । पशुपति क्षेत्रमा तीजको तयारी लगभग सकिएको जानकारी दिँदै उहाँले तीजमा पशुपतिको बाहिरी भागमा मात्र स्वयंसेवक खटाइने बताउनुभयो ।

कोषका कोषाध्यक्ष नारायणप्रसाद सुवेदीले लाइनमा बस्न उचित व्यवस्था मिलाइएको उल्लेख गर्दै मन्दिरका चारै ढोका बिहान ३ बजेदेखि नै खुला गरिने बताउनुभयो । कोषका संस्कृति संरक्षण महाशाखाका निमित्त प्रमुख अरुणकुमार श्रेष्ठले तीजका अवसरमा पशुपति क्षेत्रमा समाचार सङ्कलन गर्न आउने पत्रकारका लागि सूचना विभाग र सम्बन्धित सञ्चारगृहकै परिचयपत्रले मन्दिरको मुख्य क्षेत्रसम्म जान दिइने बताउनुभयो । तीजका लागि पशुपति क्षेत्रमा सुरक्षा व्यवस्था, स्वयंसेवक परिचालन, ट्राफिक एवं पार्किङ व्यवस्था, स्वास्थ्य सेवा, सरसफाइ तथा जुत्ता-चप्पल कक्षको व्यवस्थापन एवं सञ्चालन गरिने कोषका सूचना अधिकारी अनिता भट्टले बताउनुभयो ।

यस वर्ष तीज सोमबारदेखि सुरु हुँदैछ । पहिलो दिन सोमबार व्रतालु महिलाले दर खान्छन् । दोस्रो दिन मङ्गलबार तीजको मुख्य दिन हो । यस दिन व्रतालुले निराहार व्रत बसेर भगवान् शिवको पूजाआराधना गर्छन् ।रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# वीरगञ्जमा हैजा संक्रमण

स्वास्थ्यलाई स्वस्थ राख्नका लागि आधारभूत आवश्यकतामध्येको शुद्ध खानेपानी नै हो । शुद्ध खानेपानी बिना स्वास्थ्यलाई स्वस्थ राख्न, रहन र बाच्न सक्ने परिकल्पना पनि गर्न सकिँदैन । तर सरकारले खानेपानीदेखि बजारमा पाइने खाद्यान्न सामग्रीदेखि पेय पद्धार्थसम्ममा विषादी मलको प्रयोग देखि खानेपानीको समेत कुनै पनि मापदण्ड निर्धारण तथा नियमन अनुगमन नहुँदा हरेक क्षेत्रमा कमसल तथा गुणस्तरहीनको प्रयोगले सर्वसाधारणहरु बाध्य भएर जे पायो त्यही सेवन गर्न बाध्य छन् । जसको फलस्वरुप पर्साको वीरगञ्जमा फैलिएको हैजा संक्रमण हो । मधेश प्रदेशमा यसपटक मौसम अनुसार पानी नपर्दा सुख्खा खडेरीले गर्दा किसानले समयमा धानसमेत रोक्न पाएनन् । त्यसैक्रममा गाउँघरदेखि शहर बजारसम्ममा खानेपानीको अभाव पनि देखियो । चापाकलदेखि वालीनालीमा सिचाइँका लागि व्यवस्था गरिएको बोरिंगसमेत सुक्न थालेपछि पानीको अभावबाट सबैलाई गुज्रिनु परेको छ । सोही क्रममा मधेश प्रदेश सरकारले आठ वटै जिल्लामा खानेपानी वितरणका लागि दकमलसहितको सेवा सबै ठाउँमा पुऱ्याए । तर सो खानेपानीको समेत चेकजाँच तथा मापदण्ड निर्धारण नै नगरी जथाभावी रुपमा यत्रतत्रको पानी बोकेर सर्वसाधारणमा वितरण गरेको नतिजास्वरुप नै अहिले हैजा संक्रमण फैलिएको हो की भन्ने अड्कलवाजी पनि सर्वसाधारणबीच हुने गरेको छ । पर्साको वीरगञ्ज महानगरपालिकामा हैजा संक्रमण फैलिँदा विभिन्न वडामा २८ जनामा हैजा संक्रमण पुष्टि भएको छ । हैजाका संक्रमित बढ्न थालेपछि यसले महामारीको रुपमा लिनसक्ने आशंका पनि गरिँदैछ । वीरगञ्ज महानगरपालिकामा समुदायस्तरमै फैलिँदा अहिले वीरगञ्जवासी निकै त्रसित छन् । वीरगञ्ज महानगरपालिका वडा नम्बर ११, १२, १३, १४, १६ मा हैजा संक्रमित बढी फेला परेको छ । यसले महामारीको गम्भीर रूप लिन सक्ने चेतावनी जनस्वास्थ्य कार्यालय पर्साले दिएको छ । दूषित पानी र खानाले हैजाको संक्रमण देखिएको वीरगञ्ज महानगरपालिकाले पुष्टि गरेको छ । अहिले वीरगञ्ज महानगरभित्र बाक्लो जनसंख्या भएको क्षेत्रमा महामारीको चपेटामा पर्न सक्ने देखिएको जनस्वास्थ्य कार्यालयले चिन्ता व्यक्त गरिएको छ । यता हैजा संक्रमण बढ्न थालेपछि महामारीको रुप लिने सक्ने भन्दै वीरगञ्ज महानगरभित्र सुरक्षा सतर्कता पनि बढाइएको छ । वीरगञ्जको हरेक वडाका विद्यालयहरू दुई दिनसम्मका लागि बन्द गरिएको छ । त्यस्तै पानीपुरी, चटपटे, चाटसहित स्ट्रिट फुड बिक्रीमा केही दिनका लागि प्रतिबन्ध गरिएको छ । स्वास्थ्यकर्मीहरूले हैजाको लक्षण देखिए तुरुन्त नजिकैको स्वास्थ्य केन्द्रमा पुग्न, उमालेर मात्रै पानी पिउन आग्रह गरिरहेका छन् । हैजाको संक्रमण नियन्त्रणका लागि मधेश प्रदेश सरकारले स्वास्थ्य टोली खटाएको छ । भने संघीय सरकारले सुरक्षाकर्मीसहित चिकित्सकको टोली खटाइने निर्णय गरिएको छ । यस्तो विषम परिस्थितिमा स्वास्थ्यलाई प्राथमिकतामा राखेर गम्भीरतापूर्वक दीर्घकालीन नीति अनुरुप राज्यले नियन्त्रणरुपी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन जरुरी छ ।

# जलवायु परिवर्तनमा प्रदेश सरकारले निर्वाह गर्नुपर्ने भूमिका



यज्ञनाथ दाहाल

आजको विश्व मानव समुदायका निमित्त जलवायु परिवर्तन, वातावरणीय क्षयीकरण, जैविक विविधताको विनाश, प्रदूषण, खाद्य असुरक्षा, आप्रवासन र आम्दानी तथा स्रोतमा पहुँचको असमानता प्रमुख विश्वव्यापी सङ्कट हुन् । यस पृष्ठभूमिबाट हेर्दा आज संसारभरिको नेतृत्व, नीतिनिर्माता तथा योजनाकार यी र यस्तै समस्याको निराकरणका लागि क्रियाशील छन् ।

विश्वव्यापी खोजको केन्द्र र प्रविधिगत विकासका क्षेत्र पनि यिनै विषयको वरिपरि प्रमुख रूपमा केन्द्रिकृत छन् । विश्वको साझा थलोको रूपमा विकसित संयुक्त राष्ट्रसङ्घका यावत भेला तथा सम्मेलन पनि प्रमुखतः यस्तै विषयमा केन्द्रित भएको पाइन्छ । द्विपक्षीय तथा बहुपक्षीय सहयोगका क्षेत्रहरू हुन् अथवा राष्ट्रिय, क्षेत्रीय वा विश्वस्तरीय चासोका विषय; सबै नै माथि उल्लिखित समस्या तथा चुनौतीउपर नै केन्द्रित देखिन्छन् ।

सामान्यतया तापक्रम तथा मौसमी ढाँचामा दीर्घकालीन रूपमा हुने बदलावलाई जलवायु परिवर्तन भनिन्छ । प्रमुखतः कोइला, तेल, ग्यास जस्ता जीवाश्म इन्धनको प्रयोग (जलन) नै जलवायु परिवर्तनका मुख्य कारक हुन् । यस्ता जीवाश्म इन्धनको जलनले वायुमण्डलमा हरितगृत ग्यास पैदा गरी यी ग्यासले पृथ्वीलाई वरिपरि ढाकेर सूर्यबाट आउने तापलाई पृथ्वीको वायुमण्डलबाट बाहिर जान नदिई पृथ्वीको तापमान बढाउँछन् । जलवायु परिवर्तन गराउने मुख्य हरितगृत ग्यासमा कार्बनडाइअक्साइड र मिथेन पर्छन् ।

यी बाहेक अन्य केही ग्यासले पनि जलवायु परिवर्तनमा योगदान दिएका छन् । वैज्ञानिकहरूको खोजले प्रमाणित गरेबमोजिम विगत दुई सय वर्षको अवधिमा पृथ्वीको तापमान बढ्नुमा मानवीय क्रियाकलाप नै जिम्मेवार देखिएका छन् । खडेरीको अवस्था, पानीको अभाव, गम्भीर प्रकृतिका आगलागीका घटना, बाढीपहिरोको प्रकोप, ध्रुवीय क्षेत्रमा हिम पग्लने, विनाशकारी आँधीबेहरी र जैविक विविधतामा ह्रास आदि जलवायु परिवर्तनले उत्पन्न समस्या हुन् ।

विश्वका प्रमुखतः विकसित र उन्नत औद्योगीकृत राष्ट्रहरूका औद्योगिकीकरण र विकासका क्रियाकलापको कारण हरितगृत ग्यासको अधिक उत्सर्जनद्वारा विश्वको जलवायुमा परिवर्तन भएको तथ्य सबैसामु छर्लङ्ग छ । यसैलाई हृदयङ्गम गरी सन् २०७० को दशकदेखि विकसित हुँदै आएको जलवायु विज्ञानलाई प्रभावकारी तुल्याउन र जलवायु परिवर्तनको कारण, चुनौती तथा परिणाति बुझ्ने वैज्ञानिक ज्ञानको आवश्यकता पूरा गर्न संयुक्त राष्ट्रसङ्घले १९८८ को नोभेम्बरमा विज्ञहरू रहने अन्तरसरकारी जलवायु परिवर्तन समूह (आइपीसीसी) स्थापना गऱ्यो ।

औद्योगिक क्रान्तिपूर्वको उत्सर्जनको स्तरलाई आधार मानी विश्व तापमान २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने गरी हरितगृह ग्यास कटौती गर्ने सीमा तय गरिएको थियो । यद्यपि यो लक्ष्यलाई कानुनी रुपमा बाध्यकारी बनाउने सहमति भने असफल भयो । सन् २०१० को मेक्सिकोको क्यानकुनमा भएको यस महासन्धिको पक्षराष्ट्रहरूको १६ औँ सम्मेलन (कोप-१६) को निर्णय पनि महत्त्वपूर्ण छ ।

सम्पन्नशाली अर्थतन्त्र भएका राष्ट्रले विकासशील मुलुकको जलवायु परिवर्तनसँग जुध्न र वन विनाश रोक्न सन् २०२० देखि आरम्भ हुने गरी प्रतिवर्ष अमेरिकी डलर सय अर्बका दरले सहायता उपलब्ध गराउने गरी हरित जलवायु कोष स्थापना गर्ने गरी निर्णय गरिएको थियो । यद्यपि आफ्नो प्रतिबद्धताबमोजिमको रकम उपलब्ध गराउन धनी राष्ट्र अझै पनि असफल छन् । निर्णयका दृष्टिबाट सन् २०१५ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न पक्षराष्ट्रहरूको २१ औँ सम्मेलन (कोप-२१) सर्वाधिक महत्त्वपूर्ण छ ।

यसलाई पेरिस सम्झौताको नामले पनि चिनिन्छ । यो सम्मेलनको प्रमुख विशेषता भनेको पक्षराष्ट्रहरूले स्वेच्छिक रूपमा उत्सर्जन घटाउने र जलवायुजन्य अनुकूलता अभिवृद्धिका लागि राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन महासन्धिको सचिवालयमा प्रस्तुत गर्नुपर्ने रहेको छ । यस सम्मेलनको अर्को महत्त्वपूर्ण पक्ष भनेको विश्व तापमान वृद्धि दुई डिग्री सेल्सियसभन्दा तल रहने गरी १.५ डिग्री सेल्सियसमा सीमित राख्न हरितगृह ग्यास कटौती गर्ने लक्ष्य हरेक पक्षराष्ट्रले अनिवार्य राख्नुपर्ने निर्णय गरिएको छ । मूलभूत रूपमा यस्तो लक्ष्य निर्धारण गर्दा समयसीमा तोकी खुद शून्य उत्सर्जनको समय निर्धारण गरिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

> प्रदेश सरकारले हरेक वर्ष गर्ने योजना तर्जुमामा प्रदेशका प्राथमिकताहरू तोक्दा जलवायु परिवर्तनको न्यूनीकरण, अनुकूलन, जैविक विविधताको सरंक्षण र सम्बर्द्धन, प्रदूषण नियन्त्रणजस्ता प्रमुख वातावरणीय सवालहरूको सम्बोधन हुने ढंगले समेत प्राथमिकीकरण गर्नु नितान्त जरुरी देखिन्छ ।

यसपछि भएका महासन्धिको पक्षराष्ट्रहरूका विभिन्न सम्मेलनमा धेरै विषयमा छलफल र निर्णय भएका छन् । सन् २०२३ को डिसेम्बरमा दुबईमा भएको पक्षराष्ट्रहरूको २८ औँ सम्मेलन (कोप-२८) निर्णयको दृष्टिकोणबाट अर्को सर्वाधिक महत्त्वपूर्ण छ । अल्पविकसित राष्ट्रहरूले जलवायु परिवर्तनको कारणले बेहोर्नु परेको क्षति तथा हानि-नोक्सानीको क्षतिपूर्ति स्वरुपको लगानी धनी राष्ट्रले तिर्ने गरी क्षति तथा लगानी कोष स्थापना गर्ने निर्णय भएको छ । यस कोषको सञ्चालन के कसरी गर्ने भन्ने विषयमा भने प्रभावकारी व्यवस्थाका निर्णय गर्न अझै बाँकी छ । यसै गरी यो सम्मेलनको अर्को महत्त्वपूर्ण निर्णय भनेको जीवाश्म इन्धनको प्रयोगबाट पक्षराष्ट्र अलग्गिँदै गएर स्वच्छ ऊर्जाको उत्पादन र प्रयोगमा लगानी बढाउँदै लैजानेसँग सम्बन्धित छ ।

जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीको प्रभावकारी रूपमा सम्बोधनका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सक्रिय उपस्थिति रहेको विषय सन् २०२३ मा दुबईमा भएको पक्षराष्ट्रको २८ औँ सम्मेलनमा सरकार प्रमुख तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालको सहभागिता, बाकुमा भएको २९ औँ कोपमा राष्ट्रपतिबाट भएको सहभागिता एवं सम्बोधन र त्यसभन्दा पहिलाका केही यस्तै सम्मेलनमा राष्ट्रपति तथा प्रधानमन्त्रीबाट भएका सहभागिताले पुष्टि गर्छ । पक्षराष्ट्रको सम्मेलनले निर्णय गरे बमोजिमका राष्ट्रिय रूपमा तर्जुमा गर्नुपर्ने नीति, कानुन, योजना, कार्यक्रम र अन्य आवश्यकीय प्रबन्ध नेपालले समयमै सम्पन्न गर्ने गरेको दृष्टान्तबाट पनि जलवायु परिवर्तनले ल्याएको चुनौतीलाई पार गर्न विश्वले लिएको मार्गचित्रमा नेपालको प्रतिबद्धता प्रस्ट रूपमा झल्किन्छ ।

त्यसैगरी पहाडी तथा हिमाली भूभागमा रहेका मुलुकमा जलवायु परिवर्तनले ल्याउने जोखिम विशेष प्रकृतिका रहने गरेको र तिनको सम्बोधनका उपाय पनि विशिष्ट खालका हुने हुँदा नेपालले पक्षराष्ट्रको सम्मेलनमा यसका लागि विश्वसमुदायको ध्यानाकर्षणसमेत गराएको छ ।

जलवायु परिवर्तन गराउने हरितगृह ग्यासको उत्सर्जनमा नेपालको नगन्य योगदान रहेको (करिब ०.०४ प्रतिशत) भए पनि भौगोलिक स्वरुपका हिसाबले यो चुनौतीले ल्याउने जोखिम भने गम्भीर प्रकृतिको छ । बढ्दो तापमानका कारण हिमाली भेगमा हुने हिउँ पग्लने, पानीको बढ्दो भारले हिमताल विस्फोट, हिमनदीको बाढीपहिरो, सुक्खा खडेरीको बढोत्तरीले वन डढेलोको व्यापकता, मौसमी फेरबदलकै कारण कृषि उत्पादनमा ह्रास तथा अनिच्छित बसाइँसराइँ जस्ता विपत्ति नेपालले सामना गर्नुपर्ने देखिन्छ ।

पक्षराष्ट्रको सम्मेलनले गरे अनुसारका निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा नेपालले सन् २०३० सम्मको अल्पकालीन, सन् २०४० सम्मको मध्यकालीन र सन् २०५० सम्मको दीर्घकालीन लक्ष्यसहितका गतिविधि रहेको जलवायुजन्य जोखिम न्यूनीकरण गर्ने र समुदाय तथा पारिस्थितिकीय प्रणालीको जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने ध्येयसहितको सन् २०२१-२०५० सम्मको राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन सन् २०२० मै महासन्धिको सचिवालयमा पेस गरिसकेको छ ।

सन् २०२५ सम्ममा महासन्धिको सचिवालयमा पेस गर्नुपर्ने तेस्रो संस्करणको राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन समेत नेपालले तयार गरिसकेको छ । सन् २०३० सम्मको अल्पकालीन लक्ष्य प्राप्तिका लागि मात्र पनि करिब ३३ अर्ब अमेरिकी डलर बराबरको बजेटको अनुमानसमेत गरिएको छ । यी बाहेक नेपालले महासन्धिको सचिवालयमा पेस गरेको राष्ट्रिय निर्धारित योगदान प्रतिवेदनको कार्यान्वयनका लागि सन् २०२३ बाट कार्यान्वयन हुने गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना, २०२३ स्वीकृत गरिसकेको छ । नेपालले सन् २०४५ मा खुद शून्य उत्सर्जनको लक्ष्यमा पुग्ने गरी योजनाबद्ध क्रियाकलापको प्रबन्ध गरेको छ ।

नेपालले जलवायु परिवर्तनले निम्त्याउने जोखिम न्यूनीकरण तथा अनुकूलन एवं उत्थानशीलता अभिवृद्धिका लागि हालसम्मका जति पनि निर्णय गरेको छ, तिनको प्रभावकारी कार्यान्वयनमार्फत लक्ष्य अनुरूपका नतिजा प्राप्तिप्रति सजग हुनुपर्ने छ । यसको निमित्त सञ्चालित गतिविधि र योजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गरी कमीकमजोरी समयमै सुधार गर्नु अनिवार्य छ । जलवायु क्रियाकलापका योजना तथा लक्ष्य प्राप्ति नभएका विषयमा कुनै पनि सम्बद्ध सरोकारवालाले अब बहानाबाजी गरेर उम्कन पाउने छुट कसैलाई छैन, किनकि जलवायु परिवर्तनका जोखिमसँग जुध्नु भनेको मानवीय अस्तित्वकै रक्षाका लागि तत्पर रहनु हो ।

### जलवायु परिवर्तनसंग जुध्न वागमती प्रदेश सरकारद्वारा चालिनुपर्ने कदमहरू

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न बृहत् बहुसरोकारवालाको सहयोग, समर्थन र सहभागिताबाट मात्र सम्भव रहेकाले अन्तरक्षेत्रगत समन्वय प्रभावकारी तुल्याउनु महत्त्वपूर्ण छ । नेपालजस्ता अल्पविकसित मुलुकको दुर्भाग्य के छ भने अन्तरक्षेत्रगत समन्वयको ठुलो समस्या छ ।

समन्वयको क्षेत्रमा त्यसो भनेर अब हामीले यसमा छुट पाउने कुनै गुन्जाइस नै छैन । प्रदेशभित्रका सम्बद्ध सरोकारवालाको क्षमता विकास, नवीन प्रविधिको सिर्जना तथा उपयोगको ठुलो महत्त्व छ । यस सन्दर्भमा बागमती प्रदेशले क्षमता विकास, खोज अनुसन्धानमूलक कार्य तथा नवीनता प्रवर्द्धनमा कमै लगानी गर्ने गरेको छ । अब यो कमजोरी रहनु हुँदैन ।


नेपालले अङ्गीकार गरेको संवैधानिक प्रबन्ध बमोजिम विभिन्न विषयका योजना तर्जुमा र कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय सरकार स्वतन्त्र छन् । प्रदेश सरकारले जलवायुजन्य कार्यको कार्यान्वयनमा प्रदेश र स्थानीय तहलाई सँगसँगै लिएर हिँड्नु टड्कारो देखिएको छ । जलवायुजन्य जोखिम न्यूनीकरणका लागि प्रदेश सरकारले मौसमको पूर्वानुमान गर्ने प्रभावकारी संयन्त्रको स्थापना र परिचालनका लागि अब ढिला गर्नु हुँदैन । वर्षातको अनुमान, नदी खोलाहरूमा पानीको बहावमा हुने बढोत्तरी, हिमतालको अवस्था र यस्ता तालमा तापक्रम वृद्धिका कारण हिउँ पग्लन गई हुने विष्फोटक अवस्थाको आकलनजस्ता विषयमा समयमै जनसमुदायलाई सचेत गराउने प्रणालीको विकास गर्न अब कत्ति पनि ढिलाई गर्नु हुन्न ।

हिमतालहरूको विष्फोटन रोक्नका लागि यस्ता तालहरूको बहन क्षमताभन्दा बढी हुने पानीको सुरक्षित निकासको निमित्त बेलैमा आवश्यक व्यवस्थापकीय प्रबन्ध मिलाउनु पर्ने हुन्छ । यस्तै, प्राकृतिक विपत्तिका घटनाहरू भइहाले पनि उद्धार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्र, नेतृत्व र साधनस्रोतयुक्त तुल्याई तम्तयारी अवस्थामा राख्नु पर्ने देखिन्छ । बढ्दो ताप, वनजंगलमा पातपतिङ्गर, झिंजामिजा थुप्रिने प्रक्रिया बढ्दै जाँदा सुक्खा मौसममा वनजंगलमा आगलागी हुने प्रवृत्ति बर्सेनि बढेर गएको देखिन्छ ।

वनजंगलमा लाग्ने डढेलो नियन्त्रणका लागि समेत विशेष कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकारले कत्ति पनि कमजोरी र ढिलाई गर्न हुन्न । जलवायु परिवर्तनले ल्याएका चुनौतीसँग जुध्न स्थानीय जलवायु अनकूलन कार्ययोजना( लापा) को तयारी र तयार भएका यस्ता कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति, संस्थागत संरचना र आवश्यक रहने अन्य स्रोतसाधनको व्यवस्थापन गर्न प्रदेश सरकार अग्रपंक्तिमा रहनु पर्दछ ।

प्रदेश सरकारले हरेक वर्ष गर्ने योजना तर्जुमामा प्रदेशका प्राथमिकताहरू तोक्दा जलवायु परिवर्तनको न्यूनीकरण, अनुकूलन, जैविक विविधताको सरंक्षण र सम्बर्द्धन, प्रदूषण नियन्त्रणजस्ता प्रमुख वातावरणीय सवालहरूको सम्बोधन हुने ढंगले समेत प्राथमिकीकरण गर्नु नितान्त जरुरी देखिन्छ । वातावरणीय चुनौती तथा समस्याहरूको सम्बोधनमा बागमती प्रदेश सरकारले नेतृत्वदायी ढंगले कामगर्ने गरी आफ्ना नीति, योजना र कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । प्रत्येक प्रदेश सरकारले वातावरणीय समस्याहरूको विश्वव्यापीस्तरमा विचार गर्दै कार्यान्वयनको स्थानीय खाका, संरचना, योजना र प्रक्रिया अवलम्बन गर्दै 'थिङ्क ग्लोबल्ली, एक्ट लोकल्ली' भन्ने नारालाई चरितार्थ तुल्याउने समय आइसकेको छ । अब यस्तो संवेदनशील समय घर्कन दिनु न्यायोचित ठहर्दैन ।

# महाभियोग टुङ्गोमा पुऱ्याउन नसक्नु संसद्को असफलता र गैरजिम्मेवारीपन हो



ओमप्रकाश अर्याल

अघिल्लो संसदमा विचाराधीन चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोग निष्क्रिय नहुने धारणा छ।

महाभियोगको विषय टुङ्गोमा नपुऱ्याएकोमा वर्तमान प्रतिनिधिसभाको असफलता देखिन्छ।

महाभियोगको प्रक्रिया र यसको न्यायिक पुनरावलोकनबारे अधिवक्ता ओमप्रकाश अर्यालको धारणा प्रस्तुत गरिएको छ।

चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोगको विषय अघिल्लो प्रतिनिधिसभामा विचाराधीन विषय भएको हुनाले अब स्वतः निष्क्रिय हुन्छ भन्ने धारणालाई अस्वीकार गरिसकेको छ । त्यो एउटा अभियोगको विषय भएको हुनाले र त्यसमा प्रतिवेदन पनि आइसकेको छ ।

अहिले प्रतिनिधिसभामा त्यो विषयवस्तु हस्तान्तरण हुनुपर्ने र सरेर आएको विषयलाई ग्रहण गर्नुपर्नेछ । प्रतिनिधिसभाले त्यसलाई टुङ्गोमा पुऱ्याउनुपर्ने अवस्था हो, तर अहिलेको प्रतिनिधिसभाले त्यसमा चासो देखाएन ।

यसको मतलब, जसमाथि अभियोग लागेको छ, संसद्को कारबाहीअन्तर्गत रहेको अभियुक्त भएको हुनाले उहाँको पनि केही न केही यसमा अधिकार रहन्छ । तर, यसमा दुई वटा विकल्प छन्– पहिलो, कि पूर्वप्रधानन्यायाधीश राणालाई संसद्ले महाभियोग पुष्टि गर्न सक्नुपर्छ, नभए उनले सफाइ पाउनुपर्छ ।

महाभियोगको विषय निष्पक्ष ढङ्गमा टुङ्गोमा पुऱ्याउनुपर्छ । महाभियोग पुष्टि भएर पूर्वप्रधानन्यायधीश राणा दोषी भए सजायको भागीदार पनि हुनुपर्छ । अरू कानुनी कारबाही पनि सुरु हुन्छन् । महाभियोगमा दोषी ठहर भए उहाँमाथि भ्रष्टाचार मुद्दा पनि चल्न सक्छ ।

उहाँको यही महाभियोगका कारण पेन्सनपट्टा बनिरहेको छैन, कि निर्दोष हो भने त्यसको लागि बाटो खुलाइदिनुपऱ्यो । निर्दोष भए पूर्वप्रधानन्यायाधीशको रूपमा आफूलाई एउटा परिचय दिन पाउँछन् । अब महाभियोग पुष्टि भयो भने सबै सुविधा पाउने छैनन् । साथै भविष्यमा कुनै सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुने सम्भावना पनि देखिन्न ।

एउटा संसद्बाट अर्को संसद्मा महाभियोग जान मिल्छ कि मिल्दैन भन्ने प्रश्नमा संसद्को महासचिवले जबरा पदमा बहाली हुन केही अवरोध छैन भनी पत्र पठाए पनि त्यो सर्वोच्चको अन्तरिम आदेशले रोकिसकेको छ ।

महाभियोग प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति मनोनयन हुन सक्ने छैन । महाभियोग लागिरहेका वेलामा उहाँले त्यो सुविधा पक्कै पनि लिनुभएको छैन होला ।

यी विषय त्यही महाभियोग पुष्टि हुने/नहुने, पारित हुने/नहुने भन्ने विषयसँग सम्बन्धित छन् । अहिलेको प्रतिनिधिसभाले एउटा आधारभूत काम पनि दिन सकेन, जिम्मेवारी पनि उसले पूरा गरेको देखिँदैन । अघिल्लो प्रतिनिधिसभाले दिएको जिम्मेवारी पनि पूरा गर्न सकिरहेको छैन । त्यसकारण यो प्रतिनिधिसभाको असफलता हो ।

एउटा संसद्बाट अर्को संसद्मा महाभियोग जान मिल्छ कि मिल्दैन भन्ने प्रश्नमा संसद्को महासचिवले जबरा पदमा बहाली हुन केही अवरोध छैन भनी पत्र पठाए पनि त्यो सर्वोच्चको अन्तरिम आदेशले रोकिसकेको छ । र अहिले यो विषय सर्वोच्चमा विचाराधीन छ ।

अब यो महाभियोग केही पनि होइन भन्यो भने भोलि सर्वोच्च संस्थालाई पनि अन्याय पर्न सक्छ । अभियोग लागिरहेको अवस्थामा प्रतिनिधिसभाको कार्यकाल सकियो, कार्यकाल सकिने बित्तिकै फेरि सोही व्यक्ति पूर्वजिम्मेवारीमा फर्कियो भने त्यसले संस्थालाई हानि गर्छ । एउटा अभियुक्तले फेरि संस्थाको प्रमुख भएर बसेको जस्तो हुन्छ ।

महाभियोगको विषय छिटो टुङ्गोमा पुऱ्याउनुपर्थ्यो । तर प्रतिनिधिसभाले एक नम्बरमा पनि किन राखेन ? यति लामो समयसम्म यसलाई टुङ्गोमा पुऱ्याउन नसक्नु प्रतिनिधिसभाको असफलता र गैरजिम्मेवारीपन हो ।

अर्को, सर्वोच्चले संसद्को महासचिवले पठाएको पत्रको विषयमा फैसला हुन सकेन । त्यही पनि सर्वोच्चको संवैधानिक इजलासले टारेको टाऱ्यै छ । एकातिर प्रतिनिधिसभाले यो विषयलाई टुङ्गोमा नपुऱ्याउने, अर्कोतिर सर्वोच्च पनि मौन बसिरहेको छ । यो विषयमा स्वयं चोलेन्द्रले प्रतिनिधिसभालाई महाभियोगको विषय टुङ्गोमा पुऱ्याऊ भनेर अनुरोध गर्नुपऱ्यो । महाभियोग टुङ्गोमा नपुग्दा संवैधानिक गतिरोध भयो । यसलाई गतिरोध बनाइराख्यो भने भोलि तपाईं हाम्रै विषय पनि दशौँ वर्ष राकियो भने के हुन्छ ?

लामो समयसम्म एउटै विषयलाई यसरी रोकेर राख्नु भनेको स्वेच्छचारी अराजकता हो । यही विषयले अब संसद् किन चाहियो भन्ने कुरा आउन सक्छ । यस्तै गलत अभ्यास गर्ने हो भने संसद् किन चाहियो ? प्राथमिक काम पनि गर्न सक्दैनन् भने सांसद हुनुको औचित्य के हो ? यस्तो कामले संसद्को औचित्य सकिन्छ ।

महाभियोग हावादारी नहोस् भन्नका लागि न्यूनतम र प्रामाणिक आधारहरू हुनुपर्छ । जसको न्यायिक पुनरवलोकन हुनुपर्छ ।

विधेयकको विषयमा प्रतिनिधिसभा विघटन भयो भने स्वतः निष्क्रिय हुन्छ भनेको छ । तर महाभियोगको विषयमा भनेको छैन । यो त अभियोग हो नि त अभियोग त रहिरहन्छ । अभियोग फैसला नभएसम्म अथवा निर्णय नभएसम्म, प्रस्ताव पारित नभएसम्म रहन्छ । यो विषय संसदीय अभ्यासबाट पनि हुने कुरा हो । महाभियोगको विषय कानुनले र संसदीय अभ्यासले प्रतिनिधि सभाको नियमावलीले पनि भन्नुपर्ने कुरा हो । यदि नियमावली छैन भने स्वतः संसदीय अभ्यासमा पर्ने कुरा हो । यो विषय स्वतः निष्क्रिय हुन्छ भन्ने हुँदैन ।

महाभियोग ल्याउँदा कहिलेकाहीँ हावादारी पनि हुने गरेका छन् । जस्तोः प्रधानन्यायाधीश सुशीला कार्कीमाथिको महाभियोग हावादारी रूपमा ल्याइयो । तर चोलेन्द्रको विषय एक चौथाइले प्रस्तावकै रूपमा लिएर गयो । महाभियोग सिफारिस समितिमा गएपछि प्रतिवेदन बन्यो, उहाँलाई पनि उपस्थित गराउने काम भयो । जबराले पनि अरूलाई आरोप लगाउनुभयो । अब त्यो आरोपमा हामीले पनि फेरि खण्डन गऱ्यौँ । संसदीय समितिमा म गएर त्यसमा खण्डन गरेको छु, उहाँले विना तथ्य आरोप लगाउनुभएको छ । चोलेन्द्रले मेरो अधिकारमाथि हनन गर्नुभयो । यो सबै विषय के हो भनेर टुङ्गोमा पुऱ्याउनुपर्छ ।

महाभियोग हावादारी नहोस् भन्नका लागि न्यूनतम र प्रामाणिक आधारहरू हुनुपर्छ । जसको न्यायिक पुनरवलोकन हुनुपर्छ । महाभियोग दर्ता भयो नै भने पनि संसद् विचाराधीन विषयमा अब न्यायपालिकाले केही गर्नुहुन्न भन्ने छ । तर, कहीँ न कहीँ फेरि न्यायपालिकाले न्यायिक पुनरवलोकन गर्नुपर्ने अवस्था पनि हुन सक्छ ।

न्यायालय राजनीतिक दलको हातमा पुगिसक्यो अब त्यो त तोड्नुपर्छ, तोड्न सकिएन र संसद्ले करेक्सन गरेन भने अब सडकबाट फाल्नुपर्छ ।

कहिलेकाहीँ एकदम पूर्वाग्रही भएर महाभियोग लगाइयो र निलम्बन गरियो भने विचार गर्नुपर्छ । जस्तोः अहिले उपसभामुखको विषय आइरहेको छ, त्यसमा कतिलाई चित्त बुझ्या छैन । त्यो महाभियोग त हैन, प्रस्ताव हो । कहिलेकाहीँ राजनीतिक आग्रहका आधारमा मात्रै महाभियोग लाइयो भने फेरि अदालतले केही न केही न्यायिक रिभ्यु गर्नुपर्ने हुन सक्छ । त्यसकारण एउटा मेरिटमा आधारित छ कि छैन भन्ने कुरा संविधानको अन्तिम व्याख्येयता सर्वोच्च अदालत हो । अब अहिले त सर्वोच्च अदालत स्वयं स्वतन्त्र छ कि छैन, न्यायाधीशहरू स्वतन्त्र छन् कि छैनन् भन्ने विषय छ ।

अर्को विषय, न्यायाधीशहरू फैसला गर्दा कति डराएका छन् । महाअभियोगलाई एउटा तरबार बनाएर राखिएको छ । न्यायाधीशको नियुक्तिमा पनि कन्ट्रोल छ, पछि कारबाहीमा पनि त्यस्तै छ । राजनीतिक दलका नेताहरूले न्यायाधीशहरूलाई ब्ल्याकमेलिङ गरिरहेका छन् ।

न्यायालय राजनीतिक दलको हातमा पुगिसक्यो अब त्यो त तोड्नुपर्छ, तोड्न सकिएन र संसद्ले करेक्सन गरेन भने अब सडकबाट फाल्नुपर्छ । सर्वोच्च पनि बोल्नुपर्ने ऊ नियन्त्रणमा परिसक्यो, अब धेरै हदसम्म सर्वोच्च नियन्त्रणमा परिसकेको छ । रातोपाटी

# चित्रकला र पुस्तकालय एकापसमा परिपूरक: मन्त्री पन्त



काठमाण्डु । अठारौँ पुस्तकालय दिवसको सन्दर्भ पारेर आइतबार नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजनामा 'हाम्रो पुस्तकालयः हाम्रो भविष्य' विषयक कला कार्यशाला सम्पन्न भएको छ।

कार्यशालाको उद्घाटन गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले चित्रकला र पुस्तकालय एकापसमा परिपूरक रहेको बताउनुभयो। चित्रकारलाई पुस्तक अध्ययन गर्नका लागि आग्रह गर्दै उहाँले यसले चित्र अझै सरल र मजबुतका साथ प्रस्फुटन हुने बताउनुभयो। मन्त्री पन्तले कला, सिर्जना र पुस्तकले नेपालको संस्कृति, परम्परा, सभ्यता तथा समसामयिक विषयलाई समेट्ने औँल्याउनुभयो।

प्रतिष्ठानका सदस्यसचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले पुस्तकालयले चेतना विकासमा प्रमुख भूमिका खेल्ने हुनाले यसलाई सबैको पहुँचसँग जोड्नुपर्ने बताउनुभयो। उहाँले प्रतिष्ठानले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो।

कार्यक्रममा प्रतिष्ठानको बहुआयामिक तथा अन्य सिर्जनात्मक कला विभाग प्रमुख सौरगङ्गा दर्शनधारीले चित्रकलाको शिक्षामा महत्वपूर्ण भूमिका रहेको बताउँदै बालबालिकाको अध्ययनको सुरुआत चित्रबाट नै हुने बताउनुभयो। कार्यक्रममा प्रतिष्ठानका परम्परागत चित्रकला विभाग प्रमुख पाल्साङ्मो लामा, वास्तुकला तथा लोककला विभाग प्रमुख प्रदीप अधिकारी, मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतो, शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङ्माङ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव प्रेमराज अधिकारी, राष्ट्रिय पुस्तकालयका प्रमुख प्रदीप भट्टराई, केशर पुस्तकालका प्रमुख यादवचन्द्र निरौला, शिक्षा, सामुदायिक पुस्तकालय सङ्घका महासचिव राजेन्द्र पाण्डे, नेपाल पुस्तकालय सङ्घका महासचिव संजीव चौधरीलगायत उपस्थिति हुनुहुन्थ्यो।

कार्यशालामा रवीन्द्र मानन्धर, अनुप गुरुङ, भानु भट्टराई, सुरेम देशार, तिसा श्रेष्ठ, पल्पसा मानन्धर, अर्पिता शाक्य, आभा पौडेल, प्रतीक्षा तिवारी, आशिष सिंह गोलेलगायत कलाकारको सहभागिता थियो। उहाँहरुले कार्यक्रमकै बीच प्रत्यक्ष कला सिर्जना गरेर देखाउनुभएको थियो।रासस

# विपिन रिहाइको पहलका लागि थप प्रयत्न गर्न आग्रह

काठमाण्डु । प्यालेस्टाइनको हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइमा जारी राखेको पहलका लागि विपिनकी आमा र बहिनीले परराष्ट्रमन्त्री डा आरजु राणा देउवालाई धन्यवाद दिँदै आगामी दिनमा थप पहल गर्न आग्रह गर्नुभएको छ।

विपिनकी आमा र बहिनीले आइतबार परराष्ट्र मन्त्रालयमा भेट गर्दै मन्त्री डा राणा र परराष्ट्र मन्त्रालयले विपिनको रिहाइका लागि हालसम्म गरेको प्रयत्नका लागि आभार व्यक्त गर्दै यसलाई आगामी दिनमा थप सक्रियताका साथ निरन्तरता दिन आग्रह गर्नुभएको हो। मन्त्री डा राणाको पहल एवं नेपालस्थित इजरायली राजदूतावासको समन्वय तथा सहयोगमा विपिनकी आमा र बहिनी विपिनको अवस्था बुझ्न तथा उहाँको रिहाइका लागि अपिल गर्न हालै इजरायल जानुभएको थियो। इजरायलबाट फर्केपछि आज उहाँहरुले मन्त्री डा राणालाई भेटेर यसबारेमा जानकारी गराउनुभएको हो।

दुवै जनाले आफूहरु इजरायलमा रहँदा त्यहाँस्थित नेपाली राजदूत प्रा डा धनप्रसाद पण्डित र इजरायल सरकारका अधिकारीहरुले सहयोग गर्नुभएको तथा त्यहाँ राष्ट्रपतिदेखि उच्चसरकारी अधिकारीहरुसँग भेटेर विपिनको रिहाइका लागि अपिल गर्न पाएको जानकारी दिनुभएको थियो। त्यस अवसरमा मन्त्री डा राणाले सरकारले विपिनको रिहाइमा सक्दो कूटनीतिक प्रयत्न गरिरहेको र आगामी दिनमा यसलाई थप सशक्त बनाउने बताउनुभयो।

मन्त्री डा राणाले उहाँहरुसँग भन्नुभयो, "यो एक वर्षमा म उपस्थित भएका संयुक्त राष्ट्रसङ्घीय महासभादेखि अन्तरराष्ट्रिय मञ्चहरु, विभिन्न द्विपक्षीय तथा अन्तरराष्ट्रिय बैठक तथा भेटवार्ताहरुमा विपिनको रिहाइको आग्रह गरिरहेकै छु। हामीले कूटनीतिक माध्यमबाट गर्न सक्ने र मिल्नेजति पत्राचार एवं अन्य आवश्यक पहल जारी राखेका छौँ।"



आफूले इजरायल, इजिप्ट, इरान, कतार, संयुक्त अरब इमिरेट्स, टर्कीदेखि लिएर अन्य देशका विदेशमन्त्री एवं अधिकारीसँगको भेट एवं फोनवार्ताका साथै संयुक्त राष्ट्रसङ्घदेखि अन्य अन्तरराष्ट्रिय फोरममा पनि विपिन रिहाइको मुद्दालाई सशक्त रुपमा राख्दै आएको मन्त्री डा राणाले जानकारी दिनुभयो। सन् २०२३ अक्टोबरमा इजरायलबाट विपिन हमास समूहको अपहरणमा परेका थिए।रासस

# संविधान घोषणाको दशकलाई विशेष रूपमा मनाइने



काठमाण्डु । नेपालको संविधान घोषणा भएको एक दशक पुगेको अवसरमा यस वर्ष भव्यताका साथ उत्सव मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन भएको छ।

नेपाली जनताको बलिदानीपूर्ण र लामो सङ्घर्षको उपलब्धिस्वरुप जनताबाट निर्वाचित संविधानसभाबाट २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको संविधान जारी भएको दिनलाई राष्ट्रिय दिवस मानिन्छ। यस वर्ष संविधान जारी भएको १० वर्ष पुगेकाले दिवसलाई थप हर्षोल्लासपूर्ण र भव्य बनाउन नेपाल सरकारले तयारी गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार बसेको बैठकले आगामी असोज २, ३ र ४ गते नेपालभित्र र विदेशस्थित नेपाली दूतावास तथा नियोग र जनस्तरमा समेत दीपावलीलगायत विभिन्न कार्यक्रम गरी दिवस मनाउन मूल समारोह समिति गठन गरिएको हो।

मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरू, मन्त्री र राज्यमन्त्रीहरू, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्राङ्कित अधिकृतहरू, काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू सदस्य र गृह मन्त्रालयका सचिव सदस्यसचिव रहनुहुनेछ। बैठकले विषयगत उपसमिति पनि गठन गरेको छ।

दिवसका अवसरमा असोज ३ गते काठमाडौँको सैनिक मञ्च, टुँडिखेलमा आमनागरिकको उपस्थितिमा मूल समारोह हुनेछभने प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रम प्रस्ताव गरिएका छन्। यसैगरी, दिवसका अवसरमा राष्ट्रिय गान र राष्ट्रभक्तिको साङ्गीतिक महोत्वस (नेसनल डे कन्सर्ट) आयोजना, झाँकी प्रदर्शनीलगायत कार्यक्रम प्रस्ताव गरिएको छ। दिवसका अवसरमा वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तरनिहित पक्षमा केन्द्रित विशेष संवाद, परिसंवाद तथा सन्देशमूलक नाटकजस्ता सृजनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक वा निजी क्षेत्रसमेतका विद्युतीय तथा छापा माध्यम एवं सामाजिक सञ्जालमा प्रसारण र प्रकाशनको व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संविधान घोषणाको १० वर्ष पुगेको अवसरलाई राष्ट्रिय र जनस्तरमा विशेष रूपमा मनाउन आग्रह गर्नुभयो। उहाँले संविधानसँग विकास, राष्ट्रियता, आधुनिकता, मौलिक हक, महिला सशक्तीकरण, समावेशिताका चरित्र, लोककल्णयकारी राज्य, संस्कृति आदि पक्षसँग जोड्नुपर्ने बताउनुभयो। प्रधानमन्त्री ओलीले वडा र विद्यालय तहसम्म कार्यक्रम आयोजना गर्ने र अधिक रूपमा जनतालाई संविधानको उपलब्धि र महत्त्वसँग एकाकार गराउन आग्रह गर्नुभयो।रासस

# 'तीजलाई मौलिक र परम्परागत संस्कृतिका रूपमा मनाउनुपर्छ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) की उपाध्यक्ष पम्फा भुसालले तीज पर्वलाई सबैले मौलिक र परम्परागत संस्कृतिका रूपमा मनाउनुपर्ने बताउनुभएको छ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) केन्द्रीय छात्रा विभागले आइतबार यहाँ आयोजना गरेको 'तीज जनसंस्कृति र प्रगतिशील' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले पुँजीपतिको व्यापारिक प्रवृत्तिले तीज पर्वलाई विकृत बनाएको आरोप लगाउनुभयो।

नाफा कमाउन लामो समयसम्म व्यापार गर्ने, तडकभडकलाई प्रोत्साहन दिने र मौलिक संस्कृतिलाई मेट्ने कार्य बढिरहेको भन्दै भुसालले चिन्ता व्यक्त गर्नुभयो। हाम्रा धार्मिक आस्था बोकेका पर्वमा हुने गलत प्रवृत्तिलाई रोक्न जरुरी रहेकामा उहाँले जोड दिनुभयो।

उपाध्यक्ष भुसालले समाजमा महिलालाई अझै दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने गरिएको उल्लेख गर्दै तीजलाई महिला उत्पीडनसँग जोडिएको पर्वका रूपमा मनाउनुभन्दा अवसर, सशक्तीकरण र सकारात्मक परिवर्तनका लागि मनाउनुपर्ने धारणा राख्नुभयो।

उहाँले तीजलाई भड्किलो र खर्चिलो नबनाई मौलिक लोकगीतको संरक्षण, महिला अधिकारप्रतिको सचेतना र महिलालाई सङ्गठित गर्ने अवसरका रूपमा मनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष विजयप्रसाद सापकोटाले तीजलाई सांस्कृतिक, सामाजिक र मूल्य मान्यतालाई अगाडि बढाउने प्रगतिशील माध्यमका रूपमा लिनुपर्ने विचार प्रस्तुत गर्नुभयो।

कार्यक्रममा छात्रा विभागकी अध्यक्ष ममता अधिकारीले तीजमा सामाजिक मूल्य, मान्यतालाई आत्मसात् गर्दै सकारात्मक सन्देश दिने गरी मनाउनुपर्ने बताउनुभयो। आगामी दिनमा पनि विभाग महिला उत्थानका लागि सक्रिय रहने उहाँले विश्वास व्यक्त गर्नुभयो।रासस

# अब फोन गरेरै बाढीसम्बन्धी पूर्वसूचना दिइने



काठमाण्डु । जल तथा मौसम विज्ञान विभागले बाढीसम्बन्धी पूर्वसूचनालाई थप प्रभावकारी बनाउनका सर्वसाधारणलाई फोन गरेरै जानकारी दिने भएको छ। विभागले यसका लागि 'भ्वाइस कल' सेवा सुरु गर्ने तयारी गरेको हो।

बाढी आउने खतरा देखिएमा एसएमएसमार्फत सन्देश प्रवाह गर्दै आएको विभागले अबदेखि भने 'भ्वाइस कल'मार्फत पनि पूर्वसूचना सम्प्रेषण गर्ने तयारी थालेको हो।

विभागका बाढीविद् विनोद पराजुलीले नेपाल टेलिकमसँगको सहकार्यमा विभागले यही सातादेखि परीक्षणका रूपमा ' भ्वाइस कल'मार्फत सूचना प्रवाह गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो। "मोबाइल एसएमएस सबै लक्षित वर्गमा पठाएर बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण प्रयास गर्दै आएका थियौँ। तर सबै जनताले एसएमएस आएको थाहा नपाउन सक्छन् वा सबैले एसएमएस पढ्न सक्दैनन्," उहाँले भन्नुभयो, "त्यसैले फोन नै गरेर सन्देश प्रवाह गर्ने तयारी गरेका हौँ।

एकैपटक धेरैलाई 'भ्वाइस कल' गर्दा सेवा अवरुद्ध कति हुन्छ? भन्ने विषयमा थप परीक्षण गर्दैछौँ। यही साता परीक्षण गर्ने तयारीका साथ छलफल भइरहेको छ।"

पराजुलीका अनुसार बाढीसम्बन्धी पूर्वसूचना उपलब्ध गराएपछि बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण हुन थालेको छ। पूर्वसूचनालाई थप प्रभावकारी बनाउन पूर्वतयारी तथा पूर्वसूचनामा थप लगानी आवश्यक पर्ने उहाँको भनाइ छ।

"पछिल्लो समय पूर्वसूचनाका कारण धनजनको क्षति न्यून भएको छ। पहिला-पहिला तराईमा बाढीका कारण बढी क्षति पुग्थ्यो। पूर्वसूचना प्रणाली पनि तराईका नदीमा जडान भएका छन्," पराजुलीले भन्नुभयो, "तर पहाड र हिमाली क्षेत्रमा पूर्वसूचना प्रणाली कम छन्। बाढीका घटना पहाड र हिमालमा पनि हुन थालेकाले अब ती क्षेत्रमा पनि पूर्वसूचना प्रणाली जडान गर्न आवश्यक छ।"

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले पनि जलवायु परिवर्तनको असरका कारण बाढीको घटना अब तराई केन्द्रित मात्र नभइ हिमाल तथा पहाडी क्षेत्रमा बढ्दै गएको भन्दै सोअनुसार अनुकूलनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो। रासस


## महिला साना किसान कृषि सहकारी संस्था लि.
मिथिला विहारी न.पा.-७, धनुषा

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

सूचना प्रकाशन मितिः २०८२/०५/०८

यस महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड, मिथिला बिहारी न.पा धनुषा र KOICA–GGGI–CSA PROJECT–CHALLENGE FUND को संयुक्त लगानीमा तपसिलमा उल्लेखित कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औ दिन (मिति २०८२/०५/२८ गते) को ५:०० बजे भित्र शिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र सुचना नं. | कामको विवरण |
|---|---|---|
| १. | GGI/03/082/83 | Supply of Agricultural Machinery |

**नोट**: विस्तृत जानकारीको लागि महिला साना किसान कृषि सहकारी संस्था लिमिटेड, मिथिला बिहारी न.पा, धनुषामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**सम्पर्क मो.नं.** ९८१७६८९७९५,९८६५०९७४३४

**ईमेल ठेगाना** mahilasanakisanmithilabihari75@gmail.com



## Invitation for Bids

**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Janakpurdham**

**Invitation for Bids No:MIHS/PH/NCB/GOODS/2082-83/01**

**Date of publication: 25th August 2025**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Aama Surakshya & orther's Karyakram Medicine and Surgical Goods under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Rastriya Banijay Bank,Janakpurdham.
   **Name of Office :** Provincial Hospital, Janakpurdham
   **Office Code no.**3700517012
   **Office Account no.**1000100200010000
   **Rajaswa (revenue) Shirshak no.**14229
   **Bid Docement Fee :** NRs. 5000/-
4. Electronic bids must be submitted to the office Madhesh Institute of Health Sciences,Provincial Hospital, Janakpurdham through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 24 sep. 2025. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM On 24 Sep. 2025 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 5,60,000/- which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days ).
   **Bid security deposit in the following bank.**
   **Name of the Bank:** Rastriya Banijay Bank,Janakpurdham.
   **Name of Office :** Pradesh Lekha Niyantrak Karyalay Madesh Province, Janakpurdham
   **Office Account no.**1220100202030000
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise).
8. After Signing Of Contract this rate shall be valid for one fiscal year and bidder must supply the goods as per approved rate there may be decrease or increase in quantity in contract period. Purchaser shall issue the multiple purchase order as per requirement in differents dates.

# सिबिआईको कारबाहीबाट अपरेसन प्रभावित भएको छैन :रिलायन्स पावर

एएनआई

नयाँदिल्ली। रिलायन्स कम्युनिकेसन्स लिमिटेड र उद्योगपति अनिल अम्बानीविरुद्ध सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सिबिआई) ले हालै गरेको कारबाहीले यसको व्यापार सञ्चालन, वित्तीय प्रदर्शन वा हिस्सेदारहरूमा कुनै असर नपरेको रिलायन्स पावर लिमिटेडले आइतबार प्रष्ट पारेको छ।

नेसनल स्टक एक्सचेन्ज (एनएसई) मा सार्वजनिक गरिएको फाइलिङमा कम्पनीले भनेको छ, "रिलायन्स पावर लिमिटेड मिडिया रिपोर्टहरूमा प्रष्ट पार्न चाहन्छ कि रिलायन्स कम्युनिकेसन्स लिमिटेड र अनिल अम्बानीविरुद्ध सिबिआईले हालै गरेको कारबाहीले व्यापार सञ्चालन, वित्तीय प्रदर्शन, सेयरधनी, कर्मचारी वा अन्य कुनै पनि स्टेकहोल्डरहरूमा कुनै असर पारेको छैन।"

सार्वजनिक डोमेनमा उपलब्ध विवरण र रेकर्डहरूले स्टेट बैंक अफ इन्डिया (एसबिआई) द्वारा दायर गरिएको उजुरी एक दशक पुरानो मामिलासँग सम्बन्धित रहेको देखाउँछ।

त्यतिबेला अम्बानी रिलायन्स कम्युनिकेसनमा गैर-कार्यकारी निर्देशकको रूपमा मात्र संलग्न हुनुहुन्थ्यो। दैनिक व्यवस्थापनमा उहाँको कुनै भूमिका थिएन। उहाँले सन् २०१९ मा, अर्थात् छ वर्षअघि, कम्पनीको बोर्डबाट राजीनामा दिनुभएको थियो।

रिलायन्स कम्युनिकेसन हाल एसबिआईको नेतृत्वमा रहेको ऋणदाताहरूको समितिको व्यवस्थापनमा रहेको र समाधान व्यवसायीद्वारा निरीक्षण भइरहेको कम्पनीले उल्लेख गरेको छ। यो मुद्दा विचाराधीन अवस्थामा रहेको र राष्ट्रिय कम्पनी कानून न्यायाधिकरण (एनसिएलटी) तथा सर्वोच्च अदालतसहितका अन्य न्यायिक फोरमहरूले विगत छ वर्षदेखि यसलाई विचाराधीन राखेका छन्।

रिलायन्स पावरले आफू स्वतन्त्र रूपमा सूचीबद्ध कम्पनी भएको र यसको रिलायन्स कम्युनिकेसनसँग कुनै व्यापारिक वा वित्तीय सम्बन्ध नरहेको स्पष्ट पारेको छ। साथै अनिल अम्बानी साढे तीन वर्षभन्दा बढी समयदेखि रिलायन्स पावरको बोर्डमा नरहेको जानकारी दिइएको छ।

त्यसैले रिलायन्स कम्युनिकेसनसँग सम्बन्धित कुनै पनि घटनाले रिलायन्स पावरको शासन, व्यवस्थापन वा सञ्चालनमा कुनै प्रभाव नपार्ने कम्पनीले जोड दिएको छ।कम्पनीले आफ्नो व्यापार योजनाहरूलाई कार्यान्वयनमा लैजानमा ध्यान केन्द्रित गरिरहेको र सबै हिस्सेदार हरूलाई मूल्य प्रदान गर्ने प्रतिबद्धता दोहोर्‍याएको छ।

स्टेट बैंक अफ इन्डियाले दायर गरेको उजुरी १० वर्ष पुरानो मामिलासँग सम्बन्धित रहेको र यसबारे बैंकको दाबीलाई सक्षम न्यायिक फोरममा चुनौती दिइएको अनिल अम्बानीका प्रवक्ताले बताएका छन्। अनिल अम्बानीले सबै आरोपहलाई दृढ रूपमा अस्वीकार गर्नुभएको छ र आफ्नो रक्षा गर्ने बताउनुभएको छ। प्रवक्ताले भने, "एसबिआईले पाँच जना अन्य गैर-कार्यकारी निर्देशकहरू विरुद्धको कार्यवाही फिर्ता लिसकेको छ।

# अमेरिकी कर धम्कीबीच मोदीको कर कटौतीको वाचा

एएफपी

मुम्बई। दैनिक वस्तुहरूमा उपभोग कर घटाउने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दबाबले वार्षिक अर्बौं डलरको राहत दिलाउन सक्ने र अमेरिकी भन्सार शुल्कको कडा असर झेलिरहेको अर्थतन्त्रमा माग बढाउन मद्दत पुर्‍याउने विशेषज्ञहरूले बताएका छन्।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतले रुसबाट तेल खरिद गरेको भन्दै नयाँदिल्लीमाथि सजायस्वरूप आयात शुल्क २५ प्रतिशतबाट दोब्बर गरेर ५० प्रतिशत पुर्‍याउने धम्की दिनुभएको छ।यस सम्भावित कदमले विश्वको पाँचौं ठूलो अर्थतन्त्रको भविष्यलाई अनिश्चित बनाएको छ। भारतीय निर्यातकर्ताहरूले यसले अर्डर गुम्ने र रोजगारीमा गम्भीर सङ्कट आउने चेतावनी दिएका छन्।

नयाँदिल्लीले वासिङ्टनको कदमलाई 'अनुचित, अन्यायपूर्ण र अस्वीकार्य' भनेको छ। तर मोदीले गत हप्ता भारतको स्वतन्त्रता दिवसमा दिएको भाषणमा 'आम मानिसमाथिको करको बोझ कम गर्ने' वाचा गर्दै यस अमेरिकी प्रहारलाई कम गर्ने प्रयास देखाउनुभएको थियो।

मोदीको प्रस्तावित वस्तु तथा सेवा कर (जिएसटी) कटौतीले साना कारदेखि वातानुकूलनसम्मका सामान उपभोक्ताका लागि सस्तो बनाउने अर्थशास्त्रीहरूको भनाइ छ। हाल जिएसटी प्रणाली एक जटिल चार-स्तरीय संरचनामा आधारित छ, जसमा कर दर पाँचदेखि २८ प्रतिशतसम्म लाग्छ।

मोदीको सुधार अनुसार, अधिकांश सामान दुई तहमा पर्नेछन्– पाँच प्रतिशत वा १८ प्रतिशत दरमा। भारतीय प्रधानमन्त्रीले यस परिवर्तनलाई 'दीपावली उपहार' भन्नुभएको छ। दीपावली, प्रकाशको वार्षिक हिन्दू पर्व हो, जसमा उपभोक्ताहरू सुन, कपडा र उपभोक्ता इलेक्ट्रोनिक्सजस्ता सामानमा धेरै खर्च गर्छन्।

## ठूलो बचत

ट्रम्पको भन्सार शुल्क नीतिले भारतमा कस्तो असर पार्छ भन्ने कुरा रूस-युक्रेन शान्ति सम्झौतामा कति प्रगति हुन्छ र नयाँदिल्लीले अमेरिकी राष्ट्रपतिको अगस्ट २७ को समयसीमा अघि वैकल्पिक तेल आपूर्तिकर्ता पाउन सक्छ कि सक्दैन भन्नेमा निर्भर गर्नेछ।

विशेषज्ञहरूका अनुसार मोदीको कर सुधारले कर सङ्कलन १३ देखि १७ अर्ब डलरसम्म घटाउनेछ र यसले घरेलु माग बढाउन सहयोग गर्नेछ।एम्के ग्लोबल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले नीतिलाई 'घरेलु उपभोग बढाउने दिशामा स्वागतयोग्य कदम' भनेका छन्। उनीहरूको अनुमानमा, हाल शीर्ष २८ प्रतिशत दरमा रहेका धेरै सामानहरू १८ प्रतिशतमा झर्नेछन् भने १२ प्रतिशत श्रेणीका 'लगभग सबै' सामान पाँच प्रतिशत तहमा जानेछन्।

मोतीलाल ओसवाल फाइनान्सियल सर्भिसका विश्लेषकहरूले भने परिवर्तनहरूले धेरै क्षेत्रलाई लाभ दिने र घरपरिवारमा 'ठूलो बचत' ल्याउने बताएका छन्।तर प्रस्ताव कार्यान्वयन हुने-नहुने अन्ततः जिएसटी परिषद्मा निर्भर छ। यस परिषद्मा राज्य सरकारका प्रतिनिधिहरू रहेका छन्। उनीहरूले अघिल्ला वर्षहरूमा व्यापक सहमति बनाउन सङ्घर्ष गर्दै आएका छन्।

विशेषज्ञहरूका अनुसार यदि प्रस्ताव स्वीकृत भयो भने सार्वजनिक वित्तीय स्थिति कमजोर हुनसक्छ। तर यसले अमेरिकी करको जोखिमलाई केही हदसम्म पन्छाउने र मध्यम वर्गमा मोदीको लोकप्रियता बढाउने सम्भावना पनि छ।

यो प्रस्ताव यस वर्षको अन्त्यतिर हुने अपेक्षित बिहार चुनावअघि आएको हो। बिहार १३ करोड जनसङ्ख्या भएको ठूलो हिन्दू बहुल राज्य हो। बिहार मोदीका लागि प्रमुख राजनीतिक युद्धभूमि मानिन्छ।

"अहिलेको चर्चित आर्थिक कथा भनेको ट्रम्पको ५० प्रतिशत भन्सार शुल्क र अमेरिका-भारत सम्बन्धमा देखिएको अवरोध हो", जिन्दल ग्लोबल युनिभर्सिटीका अर्थशास्त्री दीपान्सु मोहनले भन्नुभयो, "जिएसटी पुनःसमायोजन त्यो सन्दर्भमा मोदीको कडा प्रतिक्रिया हो। मोदीले मध्यम वर्गलाई सन्देश दिइरहनुभएको छ- 'हामी सुनिश्चित गर्छौं कि अन्ततः तपाईंको हातमा पर्याप्त बचत रहोस्।'"

यद्यपि उहाँले भन्नुभयो, "यो भारतको अर्थतन्त्रले केही समयदेखि निम्न मध्यम आय वर्गलाई पर्याप्त फाइदा दिन नसकेको स्वीकारोक्ति पनि हो।"

## भारत-अमेरिका व्यापार वार्ता

अर्थशास्त्रीहरूले वर्षौंदेखि जिएसटी प्रणाली सुधारको माग गर्दै आएका थिए। तर मोदीको यो अप्रत्याशित घोषणा अमेरिका-भारत सम्बन्ध विगत केही दशककै तल्लो तहमा पुगेको समयमा आएको हो।

अर्थशास्त्रीहरूले यदि दुवै देशबीच व्यापार सम्झौता भएन भने ट्रम्पको भन्सार शुल्कले भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर यस वर्ष छ प्रतिशतभन्दा तल झार्न सक्ने अनुमान गरेका छन्। यो दर भारतीय केन्द्रीय बैंकको छ दशमलव पाँच प्रतिशतको अनुमानभन्दा कम हुनेछ।

हालका धेरै कार्गोहरू ट्रम्पको धम्की आउनुअघि नै सम्झौता भएकाले रूसी तेल आयातबारे भारतको स्थिति सेप्टेम्बरको अन्त्यसम्म प्रस्ट हुने व्यापार खुफिया संस्था केप्लरले बताएको छ।

"भारतीय रिफाइनरहरूले अमेरिका, पश्चिम अफ्रिका र ल्याटिन अमेरिकी कच्चा तेलमा बढ्दो चासो देखाइरहेका छन्। यसले भारतको लचिलोपन देखाउँछ, तर यो कुनै जानाजानी गरिएको रणनीतिक परिवर्तन होइन", केप्लरका विश्लेषक सुमित रिटोलियाले भन्नुभयो, "स्पष्ट नीतिगत परिवर्तन वा व्यापार रणनीतिमा निरन्तर बदलाव नभएसम्म रूसी तेल भारतको कच्चा तेल आपूर्तिको मुख्य स्रोत रहिरहनेछ।"

भन्सार शुल्क वृद्धिको समयसीमा नजिकिँदै गर्दा अमेरिका-भारत व्यापार वार्ताको भविष्य अझै अनिश्चित छ।नयाँदिल्लीले सम्झौता गर्न प्रतिबद्ध रहेको जनाएको छ। तर भारतीय सञ्चारमाध्यमले अमेरिकी वार्ताकारहरूले अगस्टको अन्त्यतिर हुने भनिएको भारत भ्रमण स्थगित गरेको दाबी गरेका छन्।

# पक्षी कल प्रतियोगिताले हङकङको कङ्क्रिट जङ्गलमा संरक्षण चेतनामा वृद्धि

एएफपी

हङकङ। हङकङको खचाखच भरिएको लेक्चर हलमा चराहरूको चिरबिर प्रतिध्वनित भयो, यद्यपि त्यहाँ एउटा पनि पक्षी उपस्थित थिएन।

बासिन्दाहरूले, कसैले आफ्नो घाँटी थिचेर त कसैले शरीरलाई अनौठो ढङ्गले मोडेर, कोइली, खैरो माछा उल्लू र एसियाली वर्जित उल्लूको लयबद्ध आवाजको नक्कल गरे।



एक प्रतियोगीले पहेँलो-क्रेस्टेड कोकाटूको नक्कल गर्न आकर्षक हेडगियर लगाएका थिए। यो पक्षी संसारकै सबैभन्दा सङ्कटग्रस्त प्रजातिमध्ये एक हो। करिब एक हजार दुई सयदेखि दुई हजारमध्ये केही सयमात्रै वित्तीय केन्द्र हङकङका कङ्क्रिट उपत्यकामा पाइन्छन्।शनिबार हङकङ बर्ड वाचिङ सोसाइटीले आयोजना गरेको पहिलो 'बर्ड कल' प्रतियोगितामा शीर्ष पुरस्कार जित्ने बब चानले लामो समयदेखि सहरी क्षेत्रमा बसोबास गर्ने सानो युरेसियन ट्री स्प्यारोलाई आफ्नो नक्कलको विषय बनाउनुभयो।

"मैले अरु प्रतियोगीहरूले आफ्नो सम्पूर्ण प्रयास गरेको देखेँ, र धेरै राम्रोसँग पनि नक्कल गरेका रहेछन्", चानले भन्नुभयो। उहाँले करिब १०० जना सहभागीहरूको प्रशंसा गरे, जसलाई हरेकले आफ्नो स्वर र तालअनुसार मूल्याङ्कन गरिएको थियो।

"यो प्रतियोगिताले चानजस्ता मानिसहरूलाई उहाँहरूले सहरमा साझा गर्ने चराहरूको महत्त्वबारे सोच्न बाध्य पार्नु निकै रमाइलो छ", न्यायाधीशमध्ये एक, हङकङका पारिस्थितिकीविद् एवं पक्षीविशेषज्ञ पल लिडरले भन्नुभयो, "यदि मानिसहरूले चराहरूको ख्याल गर्दैनन् भने, तपाईं तिनीहरूलाई कसरी संरक्षण गर्न प्रेरित गर्ने ?"

"चरा र वन्यजन्तुप्रति साँचो चासो राख्ने मानिसहरू देख्दा मलाई खुशी लाग्छ। त्यो एउटा राम्रो सुरुआत हो", उहाँले पारिस्थितिक चेतना जगाउने उद्देश्यले गरिएको कार्यक्रममा जोड दिँदै भन्नुभयो।हङकङ आकारमा सानो भए पनि, यहाँ पाँच सय ८० भन्दा बढी प्रजातिका चराहरू रेकर्ड गरिएको छ। यो चीनका कुल प्रजातिको करिब एक तिहाइ हो।

यो विविधता हङकङको भौगोलिक स्थितिलाई श्रेय दिइन्छ, जहाँ पूर्वी एसियाली-अष्ट्रेलियाली प्रवासी उडान मार्गमा महत्त्वपूर्ण विश्राम स्थलको भूमिका खेलेको छ। सहरका विभिन्न आवासहरू – सिमसार, जङ्गल, झाडी र तटीय क्षेत्रहरूले यसलाई सम्भव बनाएका हुन्।

तर पछिल्ला वर्षहरूमा, हङकङको उत्तरी भागमा भइरहेका मेगा-विकास योजनाले सिमसार क्षेत्र नष्ट गर्ने खतरा बढाएको भन्दै वातावरणविद्हरू चिन्तित बनेका छन्।सरकारले भने यस परियोजनाको वातावरणीय प्रभावबारे व्यक्त गरिएका डरलाई अत्यधिक बढाइचढाइ गरिएको बताएको छ।

# उत्तर कोरियाद्वारा दुई नयाँ हवाई रक्षा मिसाइल परीक्षण

एएफपी

सियोल। प्योङ्याङले सियोलमाथि सीमामा तनाव बढाएको आरोप लगाएपछि उत्तर कोरियाली नेता किम जोङ उनले दुई नयाँ हवाई रक्षा मिसाइलको परीक्षण निरीक्षण गर्नुभएको आइतबार राज्य सञ्चारमाध्यमले जनाएको छ।

शनिबार गरिएको परीक्षणले दुई 'सुधारिएको' मिसाइल प्रणालीसँग 'उत्कृष्ट युद्ध क्षमता' रहेको देखाएको कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले जनाएको छ।

केसिएनएले नयाँ मिसाइलहरूको विस्तृत विवरण भने दिएको छैन। उसले केवल तिनीहरूको 'अपरेसन र प्रतिक्रिया मोड अद्वितीय र विशेष प्रविधिमा आधारित छ' भन्ने उल्लेख गरेको छ। परीक्षण कहाँ गरिएको थियो भन्ने कुरा पनि सार्वजनिक गरिएको छैन।

"दुई प्रकारका प्रोजेक्टाइलका प्राविधिक विशेषताहरू विभिन्न हवाई लक्ष्यहरू नष्ट गर्न निकै उपयुक्त छन् भन्ने कुरा गोलीबारीमार्फत स्पष्ट प्रमाणित भएको छ", केसिएनएले भन्यो।

केसिएनएले जारी गरेका तस्बिरहरूमा हवाई रक्षा मिसाइलहरू आकाशमा उडिरहेको र आइरहेको प्रक्षेप्यास्त्रलाई अवरोध गरेको दृश्य देखाइएको छ।

# युक्रेनको स्वतन्त्रता दिवसमा रुसमाथि ड्रोन आक्रमण

एएफपी

किएभ। युक्रेनले आइतबार रुसमाथि ड्रोन आक्रमणको लहर सुरु गरेको छ। ड्रोन आक्रमणबाट युक्रेनी स्वतन्त्रता दिवसको अवसरमा आणविक ऊर्जा संयन्त्रमा आगलागी गराएको छ भने हालैका शान्ति प्रयासहरूको आशा मेटाएको छ।

रुसी र युक्रेनी राष्ट्रपतिहरू बीच शिखर बैठकका लागि मध्यस्थता गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबलाई लिएर भ्लादिमिर पुटिन र भोलोदिमिर जेलेन्स्कीबीच तत्काल कुनै बैठक नहुने घोषणा रुसले गरेपछि शुक्रबार शान्ति सम्भावना कमजोर भएको थियो।

साढे तीन वर्षदेखि जारी युद्धले दशौं हजार मानिसको ज्यान लिइसकेको छ। सङ्घर्ष अब गतिरोधमा पुगेको देखिए पनि रुसले पूर्वी डोनेट्स्क क्षेत्रमा दुई गाउँ नियन्त्रणमा लिएको दाबी गरेको छ।युक्रेनले आइतबारको नयाँ आक्रमणमा रूसी भूभागमा ड्रोन आक्रमण गर्दा पश्चिमी रुसको कुर्स्क आणविक ऊर्जा संयन्त्रलाई लक्ष्य बनाएको थियो। आक्रमणपछि विस्फोट र आगलागी भयो। तर संयन्त्रका अधिकारीहरूले आगो निभाइसकेको र कुनै हताहत वा विकिरण स्तर बढेको नदेखिएको जानकारी दिएका छन्।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) ले सन् २०२२ फेब्रुअरीमा रुसले युक्रेनमा पूर्ण आक्रमण सुरु गरेदेखि नै आणविक संयन्त्र नजिकका लडाइँहरू गम्भीर जोखिम भएको चेतावनी दिँदै आएको छ।

रूसी अधिकारीहरूले युक्रेनी ड्रोनहरू उत्तरपश्चिममा सेन्ट पिटर्सबर्गजस्ता टाढा क्षेत्रसम्म खसालिएको बताएका छन्। फिनल्यान्डको खाडीस्थित उस्ट-लुगा बन्दरगाहमा १० ड्रोन आक्रमणपछि रूसी ऊर्जा समूह नोभाटेकको स्वामित्वमा रहेको इन्धन टर्मिनलमा आगलागी भएको गभर्नर अलेक्जान्डर ड्रोज्डेन्कोले टेलिग्राममार्फत बताउनुभयो।



विशेषगरी रुसको तेल पूर्वाधारलाई निशाना बनाएर मस्कोको युद्धका लागि आवश्यक आम्दानीमा प्रहार गर्ने उद्देश्यले युक्रेनको सानो तर लडाइँमा प्रतिबद्ध सेना ड्रोनमाथि ठूलो भर परिरहेको छ। युद्ध सुरु भएदेखि रुसमा इन्धनको मूल्य बढेको छ।

यसैबीच युक्रेनले रुसले रातभर ब्यालेस्टिक मिसाइल र ७२ इरानी निर्मित 'साहेद' ड्रोन आक्रमण गरेको दाबी गरेको छ। ती आक्रमणमा युक्रेनी हवाई सेनाले ४८ वटा खसालेको बताइएको छ। रूसी ड्रोन आक्रमणमा पूर्वी ड्निप्रोपेट्रोभस्क क्षेत्रमा ४७ वर्षीया महिलाको मृत्यु भएको गभर्नरले जनाएका छन्।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८२/०५/१५ गते/स्थान : सम्बन्धित शाखा कार्यालय**

**बोलपत्र खोलिने मिति/समय** — **२०८२/०५/१७ गते, मंगलबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : जय माता दि ट्रेडर्स**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग<br>दर्ता नं. १०९१/१२८/०६७/०६८, दर्ता मिति : २०६७/१०/१२, पान नं. ३०४५३६९६८, दर्ता मिति : २०६७/१०/१३<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ६, **प्रोप्राइटर : श्याम सुन्दर चौधरी** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : श्याम सुन्दर चौधरी**<br>ना.प्र.नं. २०८६३६५०, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४५/११/०९<br>बाबुको नाम : राज नारायण चौधरी<br>बाजेको नाम : राम चरित्र चोधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |
| | **२. नाम : उषा कुमारी चौधरी**<br>ना.प्र.नं. १८३०४३/११७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७०/०१/२७<br>पतिको नाम : श्याम सुन्दर चौधरी<br>ससुराको नाम : राज नारायण चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |
| | **३. नाम : विक्रान्त जयसवाल**<br>ना.प्र.नं. १८२०४३/१५८२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/०६/२५<br>बाबुको नाम : श्याम सुन्दर चौधरी, बाजेको नाम : राज नारायण चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |
| | **धितोको विवरण** |
| | धनि ज्योति विकास बैंक भई ऋणि जय मातादी ट्रेडर्सको नाममा यातायात व्यवस्था कार्यालय, वागमतिमा दर्ता कायम रहेको बा.प्र.०१-०२५ च ६०५८, च्यासिस नं. MEERBC009M4095420, ईन्जिन नं. E071072 को RENAULT- TRIBER-RXZ को सवारी थान १। |

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : सिभिल हार्डवयर एण्ड सप्लायर्स**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १९५८०/१५०६/२०७८/०७९, दर्ता मिति : २०७८/११/१६, पान नं. १२१४५१४३३, दर्ता मिति : २०७८/११/२२<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : पुरुषोतम राउत** |
| | **नाम : जोय एग्रीकल्चर फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>दर्ता नं. २६४९९०/०७८/०७९, दर्ता मिति : २०७८/०४/०५, पान नं. ६१००२७२७५, दर्ता मिति : २०७८/०४/०५<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२, **संचालक तथा शेयरधनि : पुरुषोतम राउत** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : पुरुषोतम राउत**<br>ना.प्र.नं. १८३००२५५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/३०<br>बाबुको नाम : मदन राउत, बाजेको नाम : केदार राउत<br>ठेगाना : महोत्तरी जिल्ला, नैन्ही वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **२. नाम : रतन ठाकुर**<br>ना.प्र.नं. १७११०२/२९४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६५/०२/०९<br>बाबुको नाम : श्याम ठाकुर हजाम<br>बाजेको नाम : खटर ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १६ |
| | **३. नाम : रिता कुमारी राय**<br>ना.प्र.नं. १८-०१-७७-०५७९२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०७७/१०/०६<br>पतिको नाम : पुरुषोतम राउत, ससुराको नाम : मदन राउत<br>ठेगाना : महोत्तरी जिल्ला, जलेश्वर न.पा. वडा नं. १२ |
| | **धितोको विवरण** |
| | पुरुषोतम राउतको नाममा मालपोत कार्यालय हरीवन सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ ख स्थित कित्ता नं. ११२ र ३५० को क्षेत्रफल क्रमशः २-५-०-० र ०-१७-५-० (बि.क.धु.क.) तथा सर्लाही जिल्ला, हरीपुर वडा नं. ९ घ स्थित कित्ता नं. ११३६ को क्षेत्रफल ०-०-१७-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। |
| | **ऋणीको नाम, ठेगाना** |
| २. | **नाम : जितेन्द्र ठाकुर**<br>ना.प्र.नं. ८९९८३९७२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५२/११/०८<br>बाबुको नाम : मधुसुधन ठाकुर, बाजेको नाम : रघुविर ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १, हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : मनिता देवी ठाकुर**<br>ना.प्र.नं. १८३०५०/१२१३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०२<br>पतिको नाम : जितेन्द्र ठाकुर<br>ससुराको नाम : मधुसुधन ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर |
| | **२. नाम : शैलेन्द्र कुमार ठाकुर**<br>ना.प्र.नं. १८२०५०/२५११, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७४/१२/१९<br>बाबुको नाम : जितेन्द्र ठाकुर<br>बाजेको नाम : मधुसुधन ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर |
| | **धितोको विवरण** |
| | मनिता देवी ठाकुरको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, ५ नं. बहादुरगञ्ज वडा नं. ४ स्थित कित्ता नं. १०६९ को क्षेत्रफल ०-२-७-३ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३, बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# छपन्न वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र

गोदावरी । कैलालीको कैलारी गाउँपालिका-२ कुकुर भुक्कामा झण्डै ५६ वर्षअघि निर्माण गरिएको गुर्गी सिँचाइ आयोजना अलपत्र परेको छ । आर्थिक वर्ष २०६२/६३ मा बनाइएको पक्की बाँध २०६४ सालमा आएको बाढीले भत्काएपछि सो आयोजना हालसम्म अलपत्र परेको हो ।

गुर्गी सिँचाइ आयोजना निर्माणका लागि बर्सेनि बजेट विनियोजन हुँदै आए पनि निर्माण अघि बढ्न सकेको छैन । पानीको स्रोत सुनिश्चितता नभएका कारण बजेट फ्रिज हुँदै आएको सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतको जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय धनगढीले जनाएको छ ।

सुदूरपश्चिम प्रदेश सरकारले आयोजनाका लागि आव २०७५/७६ मा रु २० लाख र प्रशासनिक खर्चका लागि कैलारी गाउँपालिका कार्यालयले रु एक लाख ५० हजार विनियोजन गरेको थियो ।

आव २०७९/८० मा योजना निर्माणको प्रक्रिया अघि बढाउन प्रदेश सरकारले रु छ करोड विनियोजन गरे पनि खर्च हुन नसकेर फ्रिज गएको थियो । आव २०८०/८१ मा रु १२ करोड विनियोजन गरेको भत्केको बाँध अहिलेसम्म बन्न नसकेपछि किसान नहरको पानी उपभोग गर्नबाट वञ्चित हुँदै आएको स्थानीय दयाराम चौधरीले बताउनुभयो । वर्षौं पुरानो सिँचाइ आयोजनामध्ये गुर्गी सिँचाइ आयोजनाको बाँध २०२६ सालमा तत्कालीन जमिनदार रामदिन महतो, छिमानन्द र देशराज महतोले आफ्ना रैतीमार्फत बनाएको बताइन्छ । आव २०६२/६३ मा पक्की बाँध बनाइए पनि २०६४ सालमा आएको बाढीले आयोजनाको बाँध भत्काएपछि सो आयोजना निर्माणको काम अहिलेसम्म अघि बढ्न नसकेको चौधरीको गुनासो छ ।

आयोजना बन्द भएर नहरसमेत अतिक्रमण भएपछि कैलारीका वडा नं १, २, ५ र ७ वडाका किसानले सिँचाइ अभावमा सो क्षेत्रका किसानले अकासे पानी र बोरिङको भरमा खेतीपाती गर्नुपर्ने बाध्यता छ । जिल्लाकै नमूना रहेको सो योजनाबाट झण्डै छ हजार बढी किसान लाभान्वित हुँदै आएका थिए । बाढीले योजनाको बाँध भत्काएछि अकासे पानीको भर पर्नुपरेको किसानको गुनासो छ । उक्त सिँचाइ योजनाबाट एक हजार चार सयभन्दा बढी हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको जनाइएको छ ।



प्रदेश सरकारले २०८१/८२ मा रु पाँच करोड रकम विनियोजन गरिए पनि खर्च हुन नसकेर फ्रिज भएको जनाइएको छ ।

आयोजना अघि बढाउन हरेक वर्ष बजेट विनियोजन गर्रिंदै आए पनि पानीको स्रोत सुनिश्चितता नभएकाले आयोजना निर्माणका लागि पुनः डिपिआर तयार गर्नुपर्ने जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका इञ्जिनियर टेकराज विनाडीले बताउनुभयो । उहाँले आव २०८१/८२ मा कार्यालयले आयोजनालाई ठेक्का प्रक्रियामा लैजान रु ४४ करोड लागत अनुमानको प्रतिवेदन तयार गरी आर्थिक मामिला मन्त्रालयमा पेस गरेको भए पनि मन्त्रालयले रु ३० करोड लागत अनुमानको प्रतिवेदन स्वीकृत गर्दा ठेक्का सम्झौता कार्य अघि बढ्न नसकेको बताउनुभयो । उहाँले सो आयोजनाको डिपिआरका लागि बजेटको माग गरिएको बताउँदै बजेटको सुनिश्चितता भएपछि डिपिआरको काम अघि बढ्ने जानकारी दिनुभयो ।

झण्डै दुई दशकअघि सिँचाइ विकास डिभिजन कार्यालयको सर्भेअनुसार योजनाको लागत रु ४४ करोड अनुमान गरिएको छभने एक हजार ८०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुग्नेछ । योजनाबाट कैलारी-१ का बिसनपुर, लवलपुर, मनाउ, हरिनगर, डम्मरा गाउँ, वडा नं ५ का सडकपुर, पबेरा, गोब्रैला, जग्दहवा, मनिकापुर, बैसपुर गाउँ र वडा नं ७ का रतनपुर, सिउपुर, नारायणपुर, वसन्ता, छटकपुर वसन्ता, भुँइयाफाटा, रामपुर गाउँका किसान लाभान्वित हुने जनाइएको छ ।


यसैगरी सुदूरपश्चिम प्रदेशसभाअन्तर्गतको संसदीय उपसमिति अर्थ, विकास तथा प्राकृतिक समितिले एक हप्ताअघि सो बाँधको स्थलगत अनुगमनपश्चात सार्वजनिक सुनुवाइ गरेको थियो । आयोजना ढिलाइ सम्बन्धमा समितिले सो क्षेत्रका किसानसँग सुनुवाइ कार्यक्रम सुरु भएलगत्तै स्थानीय किसानले कार्यक्रम नै बहिष्कार गरेको प्रदेशसभा सदस्य शिवसिं वलीले जानकारी दिनुभयो ।रासस

# सडक स्तरोन्नतिपछि धार्मिक पर्यटक लाभान्वित

अर्घाखाँची । पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे-सन्धिखर्क सडक विस्तार तथा स्तरोन्नति गरेपछि सुपादेउराली पुग्ने पर्यटक लाभान्वित भएका छन् ।

साँघुरो खाल्टाखुल्टीसहितको पुरानो र जीर्ण बनेको गोरुसिङ्गे-सन्धिखर्क खण्डलाई फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्र गर्ने काम गरेपछि आजभोलि यात्रा सहज भएको हो ।

गोरुसिङ्गेबाट सदरमुकाम सन्धिखर्कसम्म करिब ६८ किलोमिटर सडक स्तरोन्नति गरिएको हो । केही ठाउँमा सात मिटर र केही स्थानमा पाँच मिटर चौडाइमा सडक फराकिलो बनाइएको सडक डिभिजन कार्यालय शिवपुरका डिभिजन प्रमुख एवं इञ्जिनीयर सविन कोइरालाले बताउनुभयो । उहाँका अनुसार गोरुसिङ्गेबाट सन्धिखर्कसम्म ६७ दशमलव पाँच किमी सडक कालोपत्र गरिएको छ ।




पूर्व-पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिङ्गे सन्धिखर्क सडक विस्तार तथा मर्मत कार्य तीव्रगतिमा अघि बढेको थियो । गत आर्थिक वर्षमा पहिरो रोकथाम तथा स्तरोन्नतिमा रु एक करोड, मर्मतमा एक करोड ५० लाख, सडक सुरक्षामा ५५ लाख, सडकको अत्यधिक मर्मतमा दुई करोड रकम खर्च भएको प्रमुख कोइरालाले जानकारी दिनुभयो ।

वर्षामा आउने पहिरोले सडकअवरुद्ध हुने भएकाले नियमित सञ्चालनका लागि दुई वटा पहिरो पन्छ्याउन प्रयोग गरिने उपकरण तयारी अवस्थामा राखिएको छ । ठाँडामा जेसिभी र नरपानीमा लोडर तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो ।

गोरुसिङ्गे-सन्धिखर्क खण्डअन्तर्गत शितगङ्गा नगरपालिकाको बसेरीको जङ्गल, अमराई, रिब्दी, सितापुर तथा सन्धिखर्क नगरपालिकाको नरपानीबाट फुद्बाङ्गसम्मको सडकमा पहिरोको उच्च जोखिममा रहेका डिभिजन प्रमुख कोइरालाले उल्लेख गर्नुभयो । उहाँका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा सडक मर्मत तथा स्तरोन्नतिका लागि रु आठ करोड ४० लाख बजेट प्राप्त भएको छ ।

यो खण्ड स्तरोन्नति गरिएपछि विशेष गरी शक्तिपीठका रूपमा रहेको सुपादेउराली मन्दिरमा आउने धार्मिक पर्यटकलाई सहज भएको कोइरालाको भनाइ छ । अवरोधबिना यात्रा गर्न पाएपछि मन्दिर दर्शनका लागि आउने आन्तरिक तथा बाह्य पर्यटक लाभान्वित भएका उहाँले बताउनुभयो ।

"यसअघि सुपादेउराली मन्दिरमा पुगेका जो कोहीले चट्टानी भिरमा रहेको साँघुरो र डरलाग्दो सडक सम्झन्थे । त्यही चट्टानी डरलाग्दो भिरमा रहेको साँघुरो सडक फराकिलो बनेपछि मन्दिर आउने धार्मिक पर्यटकलाई सहजता भएको छ", उहाँले भन्नुभयो ।

उक्त खण्डमा कडा चट्टान भएकाले नयाँ प्रविधि 'रक एञ्चोज' प्रयोगमार्फत ड्रिल गरेर आरसिसी ढलान गरी सडक विस्तार गरिएको सडक डिभिजन कार्यालयका डिभिजन प्रमुख कोइरालाले जानकारी दिनुभयो ।

यसअघि लाहुरेबजारबाट सुपा मन्दिरसम्म सडकको चौडाइ चार दशमलव पाँच मिटर हुँदा यातायात आवागमनमा कठिनाइ हुँदै आएको थियो । सडक डिभिजन शिवपुरले सडक स्तरोन्नति गरी नौ मिटर चौडाइको बनाएको हो ।

जिल्ला सदरमुकाम जोड्ने पुरानो र महत्त्वपूर्ण मार्गका रूपमा रहेको गोरुसिङ्गे-सन्धिखर्क खण्डको लाहुरेबजारबाट सुपा मन्दिरसम्म करिब तीन सय मिटर कडा चट्टान र भिरालोका कारण सात्रा सङ्घर्षपूर्ण बनेको थियो । सडक डिभिजन कार्यालय शिवपुरबाट नयाँ प्रविधिको प्रयोग गरी वाल निर्माण गरिएको प्रमुख कोइरालाले उल्लेख गर्नुभयो ।

नेपालको प्रसिद्ध धार्मिकस्थल सुपादेउरालीमा आउने धार्मिक पर्यटकको सङ्ख्या वृद्धि गर्न तथा सुपादेउराली आसपासका पर्यटकीय गन्तव्य नरपानीको डाँडाको प्रचारप्रसार हुने अपेक्षा लिइएको मन्दिर संरक्षण समितिका उपाध्यक्ष हरि खनालले बताउनुभयो ।रासस

# पाटन दरबारको ऐतिहासिक घण्ट जीर्ण अवस्थामा

ललितपुर । विश्व सम्पदा सूचीमा सूचीकृत रहेको ललितपुरको पाटन दरबार स्क्वायरमा मल्लकालीन समयमा निर्माण गरिएको एउटा ऐतिहासिक घण्ट अवस्थित छ । विसं २०७२ को भूकम्पले क्षति पुर्याएको घण्टलाई पुनर्निर्माण नगरिएकाले हाल जीर्ण बन्दै गइरहेको र हाल बजाउनसमेत बन्द गरिएको छ ।



काठमाडौँ उपत्यकाका दरबार स्क्वायरमा रहेका घण्टमध्ये पाटन दरबार स्क्वायरको यो घण्ट अरूभन्दा ठूलो मानिन्छ । स्थानीयका अनुसार भूकम्पले क्षति पुर्याएपछि यो पूर्वीतिर ढल्किएको अवस्थामा छ । जीर्ण अवस्थामा अडिएको यो घण्ट जुनसुकै बेला ढल्न सक्ने स्थिति छ । ऐतिहासिक घण्ट जीर्ण अवस्थामा रहेकाले पुनर्निर्माणको माग गर्दै पुरातत्व विभाग र युनेस्कोलाई पत्र बुझाएको पाटन दरबार स्क्वायर टोल सुधार समितिका अध्यक्ष किरणमान प्रधान बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "हामीले पुनर्निर्माणका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छौं । अझै कुनै पहल भएको छैन ।"

मल्लकालीन समयमा स्थापना गरिएको उक्त घण्ट १७६९ सालमा निर्माण गरिएको मानिन्छ । विसं २०७२ को भूकम्पका समयमा यो घण्ट नबजेको स्थानीय उपेन्द्रकुमार श्रेष्ठ बताउनुहुन्छ । विशेषतः हरेक वर्षको दसैंको जमरा राख्ने दिनदेखि दसैंका दिनसम्म यस घण्टा बजाएर पूजाआजा गर्ने गरिन्छ । उहाँका अनुसार राणाकालीन समयमा पाटन सहरका सबै मानिस सुत्नुपर्छ भन्ने मान्यताअनुसार राति १२:०० बजे यो घण्ट बजाइन्थ्यो । घण्ट बजेपछि राति १२:०० बजेपछि कोही पनि बाहिर निस्कन हुन्नथ्यो । अनि बिहान ४:०० बजे फेरि घण्ट बजाइन्थ्यो, त्यसपछि सबैजना उठेर आआफ्नो काममा लाग्थे ।

घण्टको जगसँगै सटाएर व्यवसाय सञ्चालन गरेका एक स्थानीय व्यवसायीका अनुसार उहाँका हजुरबुबा १९५८ सालदेखि सो स्थानमा पसल सञ्चालन गर्दै आएका थिए । उहाँ भन्नुहुन्छ, "एक शताब्दीअघिदेखि व्यवसाय सञ्चालन गर्दै आएका छौं । यो घण्ट भूकम्पका कारण जीर्ण अवस्थामा पुगेको छ । पाटन दरबारका सबै जीर्ण सम्पदा महानगर र पुरातत्व विभागले पुनर्निर्माण गरिसकेको छ ।रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रमानन्द चौक, धनुषाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/०९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०३/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८२/०१/०४ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८२/०३/२२ मा जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि औद्योगीक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा मिति २०७७/१०/२२ गते उद्योग दर्ता नं. १३७६२/११३२/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय बिराटनगरमा मिति २०७७/१०/२२ मा स्थायी लेखा नम्बर (PAN) ३००७४८४६६ अन्तर्गत दर्ता कायम भएको **क्रि.बी. कृषि फर्म** ।

**प्रोप्राइटर : रामेश्वर प्रसाद मंडल**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. नन्द लाल मंडलको नाति, विन्देश्वर मंडलको छोरा, धनुषा जिल्ला, साविक सिंग्याही मडान गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **रामेश्वर प्रसाद मंडल** (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) । | २. विन्देश्वर मण्डलको बुहारी, रामेश्वर प्रसाद मंडलको पत्नी, सप्तरी जिल्ला, साविक औरही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, कमला गा.पा./न.पा. वडा नं. ६ बस्ने **जोगमाया मण्डल** (ना.प्र.नं. ४३२०, जारी मिति २०५९/१०/०१, जि.प्र.का. सप्तरी) । |

**धितोको विवरण**

१. क्रि.बी. कृषि फर्मको नाममा हाल कायम तथा भविष्यमा प्राप्त हुने सम्पूर्ण चल तथा अचल सम्पत्तिमा Sole & First charge ।
२. रामेश्वर प्रसाद मंडल (ना.प्र.नं. ८६८३२२२५, जारी मिति २०५४/०३/२६, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक छौडा मडान गा.वि.स./न.पा. वडा नं. ५ हाल धनुषा जिल्ला, कमला न.पा. वडा नं. ६ स्थित कि.नं. ७७० को क्षेत्रफल ०-५-० (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०५/२३ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय रमानन्द चौक, धनुषामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०५/२४ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय रमानन्द चौक, धनुषामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय रमानन्द चौक, धनुषामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : रमानन्द चौक, धनुषा
फोन नं. ०४१-५२७५५०
Website : www.siddharthabank.com

## साना किसान कृषि सहकारी संस्था लि. नकटाझिज
### मिथिला नपा -२ , धनुषा
## कृषि यन्त्र तथा उपकरण खरिदको लागी सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

**सिलबन्दी दरभाउपत्र नं. ०१-२०८२/२०८३**

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०८२/०५/०९**

साना किसान कृषि सहकारी संस्था लि. नकटाझिज मिथिला नपा -२, धनुषाको GGGI द्वारा संचालित Climate Smart Agriculture (CSA) परियोजना अन्तर्गत Challenge Fund गतिविधी कार्यान्वयन गर्नको लागि यस सहकारी संस्था र GGGI को संयुक्त लगानिमा Agriculture Custom Hiring Center सुरुवात गर्नको लागि आवश्यक कृषि मेसिनरी तथा उपकरण खरिद गर्नु पर्ने छ ।

उल्लेखित परियोजना अन्तर्गत Agriculture Custom Hiring Center को लागी तपसिल अनुसारका कृषि मेसिनरी तथा उपकरण आपुर्तिको लागी सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ । साथै देशै भरिका ईजाजत प्राप्त आपुर्ति गर्न इच्छुक अधिकृत/आधिकारिक बिक्रेता,आपुर्तिकर्ता तथा बितरकहरु बाट यो सुचना प्रकाशन भएको मितीले २१ दिन भित्र तपसिलको शर्तहरुको अधिनमारही कार्यालय समयभित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन वा ईमेल ठेगाना sanakisan.naktajhijdhanusha@gmail.com मार्फत पेशगर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

सम्बन्धित दरभाउपत्र सम्बन्धि आपुर्ति गरिने सामान को बिवरण र कागजातहरु यसै लिङ्कमा उपलब्ध छ : लिङ्कः- https://drive.google.com/drive/folders/1kF0exAzTqBxUn8LE-J3vfhTewY9lxTrC?usp=sharing

**तपसिलः-**

१. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले आफुसंग उपलब्ध मेसिनरी तथा उपकरणको लागि सिलबन्दी दरभाउपत्र पेश गर्न सकिनेछ । गुणस्तरिय मेसिनरी तथा उपकरण र बिक्रि पश्चातको सेवा सुबिधालाई उच्च प्राथमिकता दिईनेछ ।
२. विक्रेतालाई भुक्तानी गर्दा बैंक खाताबाट गरिने र नियमानुसार लाग्ने कर कट्टी गरि मात्र भुक्तानी गरिने छ ।
३. उपरोक्त कारोबार भदौ ९ देखि असोज १५, २०८२ सम्म संचालन गरिनेछ ।
४. ईच्छुक अधिकृत विक्रेता, आपुर्तीकर्ता वा बितरकले संस्थाको कार्यालयमा उपस्थितभई वा (माथि लिङ्कबाट डाउनलोड गरि) प्राप्तगर्न सकिने छ । यो सुचना प्रकाशन भएको मितीले २१ दिनभित्र यस सहकारी संस्थाको कार्यालयमा दरभाउ उल्लेखित गरि पेश गर्न सकिने छ (अन्तिम दिन बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा पेशगर्न सकिनेछ) ।
५. सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, भ्याट दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि (आ.व. २०८१/०८२ वा म्याद थपको पत्र सहित २०८०/२०८१ को कर चुक्ता ) पेश गर्नु पर्ने छ ।
६. सिलबन्दी दरभाउ पेश गर्ने सप्लायर्स/कम्पनी/फर्महरुले दर्ता शुल्क वापत रु १,००० (फिर्ता नहुने गरि) संस्थाको उल्लेखित खातामा जम्मा गरि जम्मा गरेको भौचर सिलबन्दी दरभाउपत्र संग पेश गर्नु पर्नेछ ।
७. बोलपत्र फारममा उल्लेखित प्रत्येक मेसिनरी तथा उपकरणको दररेट (कर समेत) अंक र अक्षर दुबैमा स्पष्ट लेखिएको हुनुपर्नेछ । अंकअक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
८. कार्यालयमा प्राप्त हुने बोलपत्र फाराम खामबन्द गरि लाहाछापले सिलबन्दी गरिएको हुनु पर्ने छ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
९. पेश गरिएका बोलपत्रहरु मिती २०८२ भदौ ३० गते १ बजे सहकारी संस्थाका पदाधिकारी, जि.जि.जि.आई. का प्रतिनिधी र बोलपत्रदाता स्वयम वा निजको प्रतिनिधीको उपस्थितिमा यस संस्थाको कार्यलयमा खोलिने छ । तोकिएको दिनमा बोलपत्रदाता वा प्रतिनिधी अनुपस्थित भएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । तर सो दिन सार्वजानिक बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खोलिने छ ।
१०. म्याद नाघी वा रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
११. अन्य शर्तहरु साना किसान कृषि सहकारी संस्था लि. नकटाझिज, मिथिला नपा -२, धनुषाका खरिद नीती तथा नियमावली र नेपाल सरकारको प्रचलीत कानुन बमोजिम हुनेछ । निर्णयको सर्वाधिकार साना किसान कृषि सहकारी संस्था लि. नकटाझिज मिथिला नपा - २ , धनुषामा निहित रहनेछ ।
१२. बोलपत्रदाताले जम्मा प्रस्तावित कबोल रकमको २.५ प्रतिशत एकमुष्ट रकम BID सुरक्षण वापत Bank Guarantee यस कार्यालयको नाममा जारी भएको पत्र पेश गर्नू पर्ने छ वा BID सुरक्षण वापतको रकम यस सहकारी संस्थाको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक महेन्द्रनगर शाखाको खाता नं. १२४०१०००००१४२००१ मा दाखिला गरि जम्मा गरेको बैक भौचर वा सुरक्षण वापतको Bank Guarantee पत्र सिलबन्दी बोलपत्र संगै पेश गर्नु पर्ने छ ।
१३. थप जानकारी आवश्यक परेमा तल उल्लेखित ईमेल मार्फत जानकारी प्राप्त गर्न सकिने छ ।

**बोलपत्र पेश गर्ने र खोलिने ठेगाना**
**साना किसान कृषि सहकारी संस्था लि.नकटाझिज मिथिला नपा -२, धनुषा, मधेश प्रदेश**
**ईमेलः sanakisan.naktajhijdhanusha@gmail.com**

**सहायक प्रवन्धक**
९८५४०२७७०२

## भूमिसुधार तथा मालपोत कार्यालय धनुषा
## हकदाबि सम्बन्धि ३५ दिने सार्बजनिक सूचना

यसमा जिल्ला धनुषा साविक पौडेश्वर गा.वि.स.वार्ड नं.७ हाल हंसपुर न.पा. वार्ड नं.५ मा बस्ने सिताराम यादवको मिति २०७५/०९/२५ गते आफ्नो कालगतीले प्रलोक भई जानु भएको निजको श्रीमती कोशिला देवीको पनी मिति २०७७/१०/१९ गतेमा निधन भईसकेकोले निज मृतकहरुको कोखबाट छोरा जाय जन्म नभएको एकमात्र छोरी १ रहेकोले निज मृतकको शेषपछीको हक अपुताली खाने बेहोर्ने सबभन्दा नजिकको हकदार मृतकका १ (एक) मात्र छोरी फेकनी देवी यादवको नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माँग निवेदन भएको र सोही अनुसारको हंसपुर नगर पालिका ५ नं. वडा कार्यालय सुगानिकाको च.न.१८ मिति २०८२/०४/०६ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको।

यसमा जग्गा धनी सिताराम यादवको मृत्यु पश्चात हकखाने यि निवेदीका वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदीका को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सबुत प्रमाण लिई दावि उजूरी गर्न यस कार्यालयमा आउनु होला। म्याद भित्र दावि उजूरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम मु.दे.स.२०७४ को परिछेद ११को दाफा २३९(१) वमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड.नं. | कि.नं. | क्षे.फ | कै. |
|---|---|---|---|---|---|
| धनुषा | वघचौडा | ८क | १७७९ | ०-०-१६-१४ | |

# उखु किसान आन्दोलित



**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले अनुदान रकम कटौती गरेपछि उखु किसान आन्दोलित भएका छन् । चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा उखुको अनुदानका लागि सरकारले आवश्यक बजेट विनियोजन गरेको छैन । २०६६ सालदेखि निरन्तर प्राप्त गर्दै आइरहेको अनुदान रकम कटौती हुँदा उखु किसानहरु काठमाण्डु केन्द्रित आन्दोलन शुरु गरेका छन् ।

उखु उत्पादक महासंघ, उखु उत्पादक कृषक समिति लगायतकाले गत आर्थिक बर्षको उखुको वक्यौता अनुदान रकम प्रति क्वीन्टल ७० रुपैयाँका दरले भुक्तानी गर्नुपर्ने भन्दै प्रदर्शन गरेका छन् ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा उखुको अनुदानका लागि सरकारले आवश्यक बजेट विनियोजन नगरेपछि उखु किसानहरु अघिल्लो आर्थिक बर्षको अनुदान पनि नआउने हो की भन्ने त्रासमा छन् । उनीहरुले गत वर्षकै अनुदानसमेत आधा कटौती गर्न लागेको आंशका गरेका छन् ।

प्रदर्शनमा सहभागीहरुले एकतर्फी मूल्य स्वीकार छैन, उखु कृषक शोषण बन्द गर, उखु अनुदान भुक्तानी गर , मूल्य निर्धारणमा कृषकहरुलाई सहभागी गर लगाएतका प्लेकार्ड प्रदर्शन गरेका थिए ।

कृषकहरुले सरकारले अनुदान रकम कटौती गरे अब उखु खेती गर्न सक्ने अवस्था नरहेको बताउँछन् ।

# समुदायस्तरमै फैलियो हैजा संक्रमण

**शुक्रबार राति करिब ३० जना झाडापखालाका बिरामी उपचाररत थिए र शनिबार रातिसम्म ९२ जना बिरामी उपचाररत थिए । आइतबार बिहानसम्ममा त्यो संख्या १ सय २९ पुगेको थियो भने आइतबार झाडापखाला तथा हैजाका बिरामीको संख्या एक सय पचासभन्दा माथि रहेको छ ।**

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्जमा हैजा संक्रमण समुदायस्तरमै फैलिएको छ । शुक्रबार साँझदेखि वीरगञ्जस्थित अस्पतालमा झाडापखाला लागेर उपचाररत तीन जना बिरामीमा हैजा देखिएको छ ।



वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अधिकृत राजु साहका अनुसार आइतबार ५४ जना झाडापखाला लागेर अस्पताल भर्ना भएका बिरामीहरूमा हैजाको सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्यकर्मीहरू अझै पनि केही परीक्षणको रिपोर्ट नआएकाले यकिन सङ्क्रमितको संख्या निश्चित नभएको बताउँछन् ।

वीरगञ्जका एक दर्जनभन्दा बढी अस्पतालमा करिब एक सय पचास जना झाडापखाला तथा हैजा पुष्टि भएका बिरामीको उपचार भइरहेको छ ।

नारायणी अस्पतालमा हैजा पुष्टि भएका २५ जना र झाडापखालाका गरी ४५ जना बिरामीको उपचार भइरहेको अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए । त्यसैगरी तराई अस्पतालका १२ जना बिरामीको पनि हैजाको उपचार भइरहेको जनाइएको छ ।

यस्तै, नेसनल मेडिकल कलेजमा ६ जनामा हैजाको संक्रमण पुष्टि भएको छ भने वीरगञ्ज हेल्थ केयर अस्पतालमा ३ जनामा हैजा संक्रमण पुष्टि भएका बिरामी उपचाररत छन् । यसैगरि भवानी अस्पताल, अली अर्थो ट्रमा सेन्टर, नारायणी सेन्ट्रल अस्पताल र मंगलम अस्पतालमा २/२ जना संक्रमितको उपचार भइरहेको छ ।

सबैभन्दा बढी नारायणी अस्पतालमा करिब ४५/५० जना, तराई अस्पतालमा ३५/४० जना र वीरगन्ज हेल्थकेयर अस्पतालमा करिब ३० जना तथा एडभान्स अस्पतालमा १४ जना, नेसनल मेडिकल कलेजमा १४ जना झाडापखाला एवं हैजाका बिरामी अहिले पनि उपचाररत्त छन् ।

शुक्रबार राति करिब ३० जना झाडापखालाका बिरामी उपचाररत थिए र शनिबार रातिसम्म ९२ जना बिरामी उपचाररत थिए । आइतबार बिहानसम्ममा त्यो संख्या १ सय २९ पुगेको थियो भने आइतबार झाडापखाला तथा हैजाका बिरामीको संख्या एक सय पचासभन्दा माथि रहेको छ ।

अधिकांश बिरामी वीरगन्ज महानगरपालिका वडा ११, १२, १६ र १८ का रहेका छन् । हैजा संक्रमण पुष्टि भएर अस्पतालमा उपचाररत एक जना उपचारपछि घर फर्किएका छन् भने ४३ जनाको उपचार भइरहेको छ ।

हैजा संक्रमण फैलिने मुख्य कारण तथा स्रोतको बारेमा अनेक अड्कलबाजी भइरहे पनि आधिकारिक रूपमा यसैबाट हैजा फैलिएको हो भन्ने यकिन जानकारी कहि कतैबाट आउन सकेको छैन ।

एकजनालाई अस्पताल ल्याउँदा ल्याउँदै र अर्कोको अस्पताल ल्याउने बित्तिकै मृत्यु भएकाले मृतक दुवैको स्वास्थ्य परीक्षण गर्न नभए पनि दुवैको लक्षण हैजासँग मिल्दोजुल्दो भएको भएको दाबी प्रशासनले गरेको छ ।

महानगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास महाशाखाका अधिकृत राजु साहले स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामार्फत वीरगन्ज अधिकांश अस्पतालमा पनि किट वितरण गरिएको बताए ।

शनिबार वीरगञ्ज महानगरपालिकाले महानगरपालिकाभित्र सञ्चालित अस्पतालका सञ्चालकहरूसँग बैठक बस्दै सङ्क्रमण नियन्त्रणमा थप सतर्कता अपनाउन आग्रह गरेको छ । आइतबार महानगरका कर्मचारीहरूको बैठक बसी धेरै जोखिमयुक्त क्षेत्र मानिएका १ देखि १६ वडा क्षेत्रमा घर-घरमै पुगेर सचेतना फैलाउने, सरसफाइमा जोड दिने र उपचारमा ल्याउने कार्य भइरहेको वीरगञ्ज महानगरपालिकाले जनाएको छ ।

नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहले हैजा रोगका प्रमुख लक्षणहरूमा निरन्तर झाडापखाला, बान्ता, पेट दुख्ने, ज्वरो आउने, आँखा गाडिने, मांसपेशी दुख्ने र शरीरमा पानीको कमी (डिहाइड्रेसन) हुने बताए । उनका अनुसार समयमै उपचार नभए रोगले मृत्युसम्म पुऱ्याइने छ ।

नारायणी अस्पतालका सूचना अधिकारी डा. सिंहका अनुसार पहिले महानगरको दुई वटा वडाका दुई टोलमा देखिएको अहिले करिब ६-७ वडा वडाका एक दर्जनभन्दा बढी टोलका झाडापखाला लागेर अस्पतालमा भर्ना भएका बिरामीका हैजाको संक्रमण पुष्टि भएकाले हैजा समुदायस्तरमै फैलिएको छ ।

त्यस्तैगरि वीरगञ्ज महानगरपालिकाले हैजा समुदायस्तरमा नै पुगेको जनाउँदै अझ फैलिन नदिन सबै विद्यालयको पठनपाठन आइतबार र सोमबारका लागि बन्द गरेको छ । त्यस्तैगरी, महानगर क्षेत्रभित्र पानी पुरी, चाट, भाजा लगायतका खुला स्थानमा सडक छेऊमा बिक्री हुने खाद्यवस्तुको बिक्री वितरण नगर्न सबैमा अनुरोध गरिएको छ ।

# भ्रष्टाचारविरुद्ध वडाध्यक्ष यादवद्वारा अनसन जारी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको यमुनामाई गाउँपालिकामा अनियमितता एवम् भ्रष्टाचारविरुद्धमा वडाध्यक्षले सोमबार छैटौँ दिन पनि आमरण अनसन जारी राखेका छन् । यमुनामाई गाउँपालिका-२ का वडाध्यक्ष सीताराम यादवले १३ बुँदे माग राख्दै गत बुधबारदेखि गाउँपालिका कार्यालय अगाडि आमरण अनसनमा बसेका थिए ।



अनसनकारी वडाध्यक्ष यादवको स्वास्थ्य अवस्था बिग्रदै गएपछि उनलाई सलाइन पानी दिइएको छ ।

आर्थिक वर्ष २०७९ देखि २०८२ सम्मको गाउँसभाको निर्णय, कार्यपालका बैठकको माइनुट, रातोकिताब, सर्सत अनुदान, समपुरक, विशेष, स्वास्थ्य, शिक्षा, पुंजिगत राजस्व बाँडफाँट र आर्थिक सहयोग वितरणलगायत रहेभएका बजेट योजनाको कागज र सबै खाताको बैंक स्टेटमेन्ट र लेखा परीक्षण प्रतिवेदनसमेतको प्रमाणित प्रतिलिपि, यमुनामाई गाउँपालिकामा कार्यरत स्थायी, करार र दैनिक ज्यालादारीमा सबै तहका कर्मचारीहरूको नियुक्ति समेतको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन अनसनकारी वडाध्यक्ष यादवको माग छ ।

त्यस्तै यमुनामाई गाउँपालिकामा अनलाइन टेन्डर, अनलाइन बैठक र अनलाइन बिडिङ प्रणाली लागु गर्नुपर्ने, यमुनामाई गाउँपालिकाअन्तर्गत सम्पूर्ण विद्यालयमा अंग्रेजी माध्यमका शिक्षा प्रणाली लागु गर्नुपर्ने र शीर्षक समेतको व्यवस्था तत्काल गर्नुपर्ने, यमुनामाई गाउँपालिकामा रहेको जिन्सी सामानहरूको विवरणको प्रतिलिपि र जेसिबी स्कारपियो, मोटरसाइकल, साइकल समेतमा हालसम्म के कति इन्धन खर्च भएको हो सोको मर्मत खर्च कागजात र जेसिबीको आम्दानीको समेत विवरणको प्रमाणीत प्रतिलिपि गाउँपालिका भरिमा प्रत्येक व्यक्तिलाई स्वास्थ्य बिमा गर्नुपर्ने वडाध्यक्ष यादवको माग पत्रमा उल्लेख रहेको छ ।

त्यस्तै वडा नं १ देखि ५ सम्म कृषि विद्युतीकरणका लागि पोल तार ट्रान्सफरमरको व्यवस्थापन तत्काल गर्नुपर्ने, गाउँपालिका भरिमा घर बत्ती विद्युत महसुल फ्रि गर्नुपर्ने, गाउँपालिका स्तरीय अस्पतालको स्थापना तत्काल गर्नुपर्ने, सामाजिक सुरक्षा (वृद्धा, विधुवा, बालपोषण, अपाङ्ग) समेतको घर घरमा भत्ता पुऱ्याउने व्यवस्थापन गर्नुपर्ने स्थानीय तहका पदाधिकारी तथा सदस्यको पाउने सुविधा के कति पाएको हो र कानुन बमोजिमको सुविधा पाउनुपर्ने माग राखेको छ ।

गाउँपालिकाको ९ औं गाउँसभा अवैध तरिकाले गराएकोमा सो खारेज गरी ९ औं गाउँ सभा विधिवत रूपमा गर्नुपर्ने र यस गापामा हालसम्म क-कसले टिएडिए बुझेका छन् र आर्थिक सहयोग 'क' कसले पाएका छन् सोको प्रमाणीत प्रतिलिपि माग गरेको तथा आफ्ना माग पूरा नभएसम्म अनसन जारी रहने वडाध्यक्ष यादवले बताए ।

# शहीद परिवारको निःशुल्क स्वास्थ्य बीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले मधेशी शहीद प्रतिष्ठानमार्फत सहिद परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको जनाएको छ ।




हालसम्म मधेश आन्दोलन तथा माओवादीको विद्रोहका क्रममा मारिएका १ सय ४० परिवारको निःशुल्क स्वास्थ्य बीमा गरेको मधेशी शहीद प्रतिष्ठानका अध्यक्ष इञ्जिनियर शुभम् यादवले जानकारी दिए ।

मधेश प्रदेश सरकारले मधेश आन्दोलन तथा माओवादीको सशस्त्र विद्रोहका क्रममा सहादत भएका परिवारलाई सबुद प्रमाणको आधारमा स्वास्थ्य बीमा गर्ने कार्यलाई निरन्तरता दिएको जनाइएको छ । यस अघि मधेश आन्दोलनको क्रममा सहादत दिएका परिवारलाई उपचारमा सहजता होस् भन्नका लागि शहीद परिवारका ५ जना सदस्यको स्वास्थ्य बीमा गरिएको छ । मधेश प्रदेशमा नेकपा माओवादीको विद्रोहका क्रममा राज्य तथा विद्रोही पक्षबाट गरेर १ हजार ६ जना तथा मधेश आन्दोलनको क्रममा घाइते तथा अंगभंग भएका १ सय ६४ जनाको स्वास्थ्य बीमा गर्ने लक्ष्य प्रतिष्ठानले लिएको अध्यक्ष यादवले बताए ।

**बाढीबारे चासो राखौं, चनाखो बनौं**

**बाढी र डुबान हुनुपूर्वको तयारीः**

- वर्षायाममा सधै मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- वर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालिन अवस्थाका लागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुन जस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै थाहा पाइराखौं,
- नदीमा बढेको पानी, डयाम र तटबन्धको अवस्थामा जानकारी लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# पशुपक्षी उपचार केन्द्र निर्माण गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको १३६ पालिकामध्ये २५ वटामा कृषि तथा पशुपक्षी उपचार केन्द्र निर्माण गर्न लागिएको छ । संघीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा ७५ करोड रुपैयाँ लागतमा प्रदेशका २५ पालिकामा भूकम्प प्रतिरोधात्मक, सुविधा सम्पन्न कृषि तथा पशुपक्षी उपचार तथा परीक्षण केन्द्रको भवन निर्माण भइरहेको छ ।



विश्व बैंकको ऋण सहयोगमा सो मन्त्रालयको ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजनाअन्तर्गत आर्थिक करिडोरको कार्यालय बर्दिबासले २५ वटा पालिकामा भवन निर्माण गरिरहेको हो । आयोजना कार्यालयका अनुसार एउटा भवन निर्माणमा करिब तीन करोड रुपैयाँदेखि पाँच करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

कृषिको माटो परीक्षण, पशुको रोगसम्बन्धी अनुसन्धान तथा पशुमा लाग्ने विभिन्न रोगको उपचार, पशुको गोबर तथा दुधजन्य पदार्थको परीक्षण गर्ने उद्देश्यले अत्याधुनिक उपकरणसहित ल्याब स्थापना गरेर सो केन्द्रबाट सेवा दिने उद्देश्य रहेको कार्यालय प्रमुख राजेश साहले जनाएका छन् । सबै भवनको डिजाइन समान हुनुका साथै प्रविधियुक्त बनाइने कार्यालय प्रमुख साहले बताए ।

निर्माण भइरहेको सो दुई तले भवनमा कृषि तथा पशुका लागि बेग्लाबेग्लै उपचार कार्यकक्ष तथा प्रयोगशालाका साथै सोही भवनमा सुपथ मूल्यमा कृषि तथा पशुपक्षीमा लाग्ने रोगको उपचारसहित औषधि बिक्री कक्षका लागि दुई वटा सटरसमेत निर्माण हुने साहले बताए । भवन निर्माण भइरहेका २५ वटा पालिकामध्ये १४ वटाको काम सकिएको कार्यालयले जनाएको छ ।

सो क्रममा जनकपुरधाम उपमहानगरपालिका-१७स्थिततेतरियामा पनि सोही आयोजनाद्वारा निर्माण गरिएको सुविधा सम्पन्न भवन जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहलाई हस्तान्तरण गरिएको कार्यालय प्रमुख साहले बताए । उनले उक्त भवन भ्याटसहित दुई करोड २५ लाख रुपैयाँमा निर्माण गरिएको बताए ।

# जसपा नेपालद्वारा विरोध प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । गौर हत्याकाण्डमा अध्यक्ष उपेन्द्र यादवलाई फसाउन राज्य पक्षले षड्यन्त्र गरेको आरोप लगाउँदै जसपा नेपाल धनुषाका नेता कार्यकर्ताहरुले बृहत विरोध प्रदर्शन गरेका छन । भूमि विधेयक पारित गर्नमा असहयोग गरेको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल धनुषाले जनकपुरधाममा केपी शर्मा ओली नेतृत्वको सरकारको विरोधमा प्रदर्शन गरेको छ ।

जनकपुरधाम आइतबार जसपा नेपालले गरेको विरोध प्रदर्शन जनकचोकबाट शुरु भइ भानु चोक, कदम चोक, विद्यापति चोक हुँदै पुनः जनक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

सो विरोध प्रदर्शनको क्रममा जसपा नेपालका नेता कार्यकर्ताहरुले मधेश माथिको षडयन्त्र तत्काल रोक्न सरकारलाई चेतावनी दिएका छन् ।

भूमि विधेयकमा अहसयोग गरेको झोकमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवमाथि गौर हत्याकाण्डमा फसाउन खोजेको भन्दै जनकपुरधाम नगरमा प्रदर्शन गर्दै नारावाजीसमेत गरेका थिए ।

भूमि विधेयक मार्फत मधेशलाई औपनेशिकीकरण गर्दै मरुभूमिमा रुपान्तरण गर्ने षडयन्त्रको विरोध गर्दै जसपा अध्यक्ष उपेन्द्र यादवलाई १८ वर्ष पुरानो मुद्दा फसाउन राज्य संयन्त्र लागि परेको आरोप समेत लगाएका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८